CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रघुवंशी- प्रकाशन-माला- ३

देवीमाहात्म्य

(नेपालीभाषामा)

रूपान्तरकार तथा प्रकाशक

रत्नबहादुर रघुवंशी

सानेपा, ललितपुर, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

१-पु. २९६

रघुवंशी- प्रकाशन-माला- ३

देवीमाहात्म्य

(नेपालीभाषामा)

रूपान्तरकार
रत्नबहादुर रघुवंशी

मलाई त्यसतिर लिएर हिँड प्रभु !
जहाँ शोक नहोस् सन्ताप नहोस् !
मानवताको परिहास नहोस् !
निष्ठुरताको अभिशाप नहोस् !

प्रकाशक
रत्नबहादुर रघुवंशी
सानेपा, ललितपुर, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम संस्करण : एक हजार प्रति मात्र
(२०४३)

मूल्य : रु. १०।–

मुद्रक : जोशी मुद्रणालय (प्रा.) लि., क्वाको, ललितपुर ।
फोन नं. : ५-२१४७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङ.J-५१५

विषयसूची

१. भूमिका क

२. मेरो भन्नु घ

३. सप्तश्लोकी देवीमाहात्म्य १

४. देवीकवच ३

५. अर्गलास्तोत्र ८

६. कीलकस्तोत्र ११

७. प्रथम चरित्र

पहिलो अध्याय १३

८. मध्यम चरित्र

दोश्रो अध्याय २१

तेश्रो अध्याय २७

चौथो अध्याय ३१

९. उत्तम चरित्र

पाँचौ अध्याय ३६

छैटौं अध्याय ४१

सातौं अध्याय ४३

आठौं अध्याय ४६

नवौं अध्याय ५२

दशौं अध्याय ५६

एघारौं अध्याय ५९

बाह्रौं अध्याय ६५

तेह्रौं अध्याय ६९

१०. नवग्रहस्तोत्र ७२

Nepal Sanskrit University, Balmeeki Campus, Kath...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

मेरो प्रकाशित प्रथम पुस्तक प्रकाशक 'ग्रह–योगिनी–स्तोत्रम्' थियो। 'शनिग्रह विवेचना र साधना' मेरो दोस्रो प्रकाशित पुस्तक थियो भने भगवतीका अनुपम कृपाबाट मेरो यो तेस्रो प्रकाशित 'देवीमाहात्म्य' नामक पुस्तक पनि आज तपाईंको हातमा छ।

बजारमा देवीमाहात्म्य, सप्तशती वा चण्डी नाममा पुस्तकहरू पर्याप्त मात्रामा उपलब्ध छन्, तर ती सबै संस्कृतभाषामा छन्। नेपालीभाषामै पनि यस्तो पुस्तक उपलब्ध हुँदो हो त कति बेस हुने थियो भन्ने भावना मनमा आइदिंदा नेपालीभाषामै देवीमाहात्म्य तयार पार्न म अभिप्रेरित हुन पुगें।

मलाई लाग्छ— यो पुस्तक सर्वसाधारणको लागि सजिलैसित बुझ्न सकिने खालको भई निस्केको छ।

हाम्रो परम्परा र संस्कृतिबारे रूचि राख्ने जोसुकै व्यक्तिमा पनि देवीको माहात्म्यबारे केही–न–केही ज्ञान रहेकै हुन्छ। ग्रहजन्य पीडा, रोग, भय, दारिद्र्य, महामारी र शत्रुहरूको विनाश गरी सुख, समृद्धि तथा आरोग्य प्रदान गर्ने जस्ता कुराहरू त देवीबाट स्वयं यसको बाह्रौं अध्यायमा उदघोषित भएका छन्।

शारदीय नवरात्रीमा हुने देवीपूजाको माहात्म्य त छँदैछ, यसको अतिरिक्त जुन महीना वा तिथिमा जुन ध्येयले पूजा–पाठ गरिन्छ, यसको उपलब्धिको सङ्केत तत्काल नै प्राप्त हुने गरेको देखिन्छ। तसर्थ प्रतिदिन घर–घरमा देवीमाहात्म्यको प्रसङ्ग सुन्नु र सुनाइनुपर्छ।

हाम्री मूल प्रकृति नै आदिशक्ति महालक्ष्मी हुन्। परमेश्वरी महालक्ष्मीले सम्पूर्ण जगत् शून्य देखेर दुई अन्य रूप धारण गरिन्– तमोगुणरूपा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकाली र सत्त्वगुणरूपा महासरस्वतीको। महालक्ष्मीले ब्रह्मालाई सरस्वती, रुद्रलाई गौरी तथा भगवान् वासुदेवलाई लक्ष्मी पत्नीको रूपमा समर्पित गरिन्।

सरस्वतीका साथ संयुक्त भएर ब्रह्माले सृष्टि गरे, लक्ष्मीलाई साथ लिई भगवान् विष्णुले जगत्‌को पालन गरे, गौरीसित मिली रुद्रले प्रलय-कालमा जगत्संहार गरे।

देवीमाहात्म्यको एघारौं अध्यायको ५५ औं श्लोकमा भनिएको छ—

इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति।
तदा तदाऽवतीर्याऽहं करिष्याम्यरिसंक्षयम्॥

अर्थात् जब–जब संसारमा दानवी बाधा उपस्थित हुनेछ, तब–तब म प्रकट भएर शत्रुको विनाश गर्नेछु।

बाह्रौं अध्यायको नवौं श्लोकमा यस्तो देवीवचन पाइन्छ— जुन मन्दिर वा घरमा मेरो कथाश्रवण हुन्छ, त्यस घरमा सदा-सर्वदा मेरो वास हुनेछ।

देवीमाहात्म्यका मूलवाचक मार्कण्डेय ऋषि हुन्। मार्कण्डेय—पुराणमा देवीमाहात्म्यसम्वन्धी तेह्र अध्याय छन्। अध्याय ८१ देखि अध्याय ९३ सम्मका यी तेह्र अध्यायभित्र सात सय श्लोक छन्। यसै नाताले यसलाई सप्तशती भनेका हुन्। यही सप्तशती नै देवीमाहात्म्य हो र यो चण्डी पनि भनिन्छ। यसको निकै महत्त्व छ।

सप्तशतीको संक्षिप्त संस्करण सप्तश्लोकी हो। यी सात श्लोक मात्र दिनको १०८ पटक जप गर्न सकिएछ भने पनि अथवा पाठ नै गरिएछ भने पनि सम्पूर्ण बाधाको शमन भई यथोचित फल पाइन्छ।

यी सात श्लोकहरू देवीचरित्रकथा शुरू हुनुभन्दा अघि र अन्तमा पनि ७–७ सात पटक (कम–से–कम) पाठ हुनु आवश्यक छ। प्रत्येक अध्यायको पाठको आदि र अन्तमा दिनको सात पटक पाठ हुने भइदिएमा अझ प्रभावकारी रूपमा चाँडै फलप्राप्ति हुनेछ।

त्यसपछि देवीकवच, अर्गला, कीलक र अध्यायहरूको पाठ गर्नु उपयुक्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवीमाहात्म्यको पाठ गर्दा शुरूदेखि अन्तसम्म निरन्तर दीप जलाइराख्नु आवश्यक छ ।

महामाया भगवतीको कृपाबाट सदा – सर्वदा सबै महानुभावहरूको कल्याण होस् , यही मेरो प्रार्थना छ ।

यस पुस्तकको संशोधन र सम्पादनका सम्पूर्ण कार्य गरिदिनुभएकोमा भाषाज्ञ साहित्यकार श्री कुमारधर शर्मा 'ज्ञानी' एम. ए. लाई धन्य भन्छु । आफ्नो अतिव्यस्तताको बीचमा पनि श्रद्धाभक्तिपूर्वक आफ्नो अमूल्य समय दिई पुनर्लेखनसमेत गरेर कार्यसम्पादन गरिदिनुभएकोमा म उहाँप्रति सदा–सर्वदा कृतज्ञ रहिरहनेछु । साथै मेरो अनुरोध स्वीकार गरी आफ्नो मन्तव्यसमेत लेखिदिनुभएकोमा म उहाँलाई पुनः धन्य भन्न चाहन्छु ।

साथै यस पुस्तकको प्रकाशनार्थ लेख्न निरन्तर प्रोत्साहन र प्रेरणा दिनुभएकोमा म घुम्ती रुद्रीटोली ललितपुरका सचिव श्री गोपालराज शर्माप्रति पनि कृतज्ञताज्ञापन नगरी रहन सक्दिनँ ।

– लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो भन्नु

भक्तहरू भगवती जगदम्बिका चण्डिकादेवीको गुणानुवाद जति गर्दा पनि अघाउँदैनन् । जतिसुकै स्तुति गर्दा पनि अझै पर्याप्त भएन कि अथवा जताततै त्रुटि भइरहेका छन् कि भन्ने त्रास वा भय रहेकै हुन्छ । चतुर्मुख ब्रह्मा, हजार मुख भएका शेषनाग तथा स्वयं वागीश्वर शिव, विष्णु वा वागीश्वरी सरस्वती नै पनि सम्यक् स्तुति गर्न सक्दैनन् भने हामी कसरी त्रुटिहीन र पर्याप्त स्तुति गर्न सकौंला भन्दै क्षमाप्रार्थनापूर्वक सन्तोष मान्छन् ।

यस्ता भक्तहरू पनि सकाम र निष्काम गरी दुई थरीका हुन्छन् । प्रायः गृहस्थाश्रमसम्मका भक्तहरू सकाम हुन्छन्, किन भने यिनीहरू प्रायः धर्म, अर्थ र काम साध्न तत्पर रहन्छन् । वानप्रस्थदेखि मानिसहरू मोक्षसाधनमा लाग्छन् । संन्यासमा पुग्दा त्यही कामना पनि हटिसकेको हुन्छ । सफल संन्यासीहरू देहावसानकालमा आफ्नो मनमा कुनै पनि किसिमका संस्कार वा विकृति रहन दिदैनन् र भगवत्सायुज्य प्राप्त गरी पुनर्जन्मको चक्रबाट मुक्त हुन्छन् ।

भनाइको तात्पर्य के हो भने— "देवाराधनको अन्तिम लक्ष्य मोक्षप्राप्ति नै हुन आउँछ ।

तथापि जीवित रहेसम्म मानवमात्रलाई अनेक आवश्यकताले पिरोलिरहेका हुन्छन् ; विशेषतः गृहस्थहरूलाई त भन्नैपर्दैन ।

गृहस्थहरू कर्मयोगद्वारा नै श्रेयःप्राप्ति गर्न समर्थ हुन्छन् । कर्मको लागि सबभन्दा पहिले शारीरिक शक्ति र सुस्वास्थ्यको आवश्यकता पर्छ । शरीर नै समर्थ छैन भने कर्म कसरी गर्ने ? के विनाकर्म धर्मकार्य गर्न सकिन्छ ? अतः आयुर्वेदले "शरीरमाद्यं खलु धर्मसाधनम्" भनी शरीरलाई प्राथमिकता दिएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि आवश्यक हुन आउँछ— सम्पत्ति, धन वा ऐश्वर्य । सम्पत्तिले गर्दा गृहस्थ कर्म गर्न आवश्यक साधन जुटाउन समर्थ हुन्छ । यस्तो सामर्थ्य दिने हुँदा नै धनलाई ऐश्वर्य नाम दिइएको हो ।

धनले आफ्ना सम्पूर्ण भौतिक आवश्यकताको पूर्ति गर्नुका साथै धर्मकार्य पनि गर्ने सामर्थ्य प्रदान गर्छ । के त्यस उपलब्धिलाई सम्पूर्णतः आफूमै मात्र सीमित गर्ने त ? होइन, धनको उपयोग आवश्यकताभन्दा बढी आफ्नो लागि मात्र गर्ने प्रकृति रहिदिएमा मानिस विलासी बन्न पुग्छ, कामुक बन्न पुग्छ, चरित्रमा भ्रष्टता देखा पर्न थाल्छ, मनमा विकारको साम्राज्य स्थापित हुन्छ । अर्को अर्थमा भन्ने हो भने आफ्ना आवश्यकतालाई नघटाई तिनकै पूर्तिमा मात्र आफ्नो धन खर्च गर्ने प्रवृतिले गर्दा मानिस आफ्ना वर्तमान र भावी छोरा–छोरीलाई मार्न समेत पछि नहट्ने दानव बनाउँछ । आफ्नो आनन्द बिथोल्न आउने भन्ठानेर सन्तानलाई समेत मार्ने मानिसहरू धेरै छन् , आज यस प्रवृत्तिले संसारलाई छोप्दै छ, त्यसैले दानवीय प्रवृत्तिको सर्वत्र विजय हुँदै गइरहेको छ । आफ्नो स्वार्थको अगाडि कसैलाई नगन्ने, अनि बदलाकै भावनाले ग्रस्त रहने मानिसहरू संसारमा छयापछ्यापती देखिन थालेका छन् । सुविधापूर्ण जीवनवृत्ति र अत्यधिक धनसंग्रह गर्ने प्रवृत्तिले मानिसको नैतिक स्तर कतिसम्म गिराउँछ भन्ने कुराको प्रत्यक्ष दृष्टान्त आजको संसारमा जति भने पनि देखन पाइन्छ । जुन कुरालाई हाम्रा ऋषि–मुनिहरूले धेरै विचार गरिसकेपछि मात्र पाप घोषित गरेका थिए, ती नै कुरा आज आधुनिकताको नाममा सभ्यता र अनिवार्य कर्तव्य मानिन थालेका छन्; यसलाई निश्चय पनि दानवीय प्रवृत्तिको विजय र नैतिकताको पराजय मान्नुपर्छ । धर्मलाई पनि यस्तो विकृतिकै समर्थनतिर डोऱ्याउन खोज्नु त निश्चय पनि धर्मावलम्बीहरूकै आत्मशैथिल्य हो भन्ने मान्नुपर्छ । विलासिताको जीवन पतनको खाल्टो हो, यस कुरालाई ध्यानमा राखेर मात्र धनसञ्चय गर्नुपर्छ ।

धनको उपयोग अरूको उपकार हुने काममा गर्नुपर्छ । सारधन भनेको धर्मकार्यमा तथा परोपकारका काममा खर्चिएको धन नै हो । महाभारतमा परोपकारको प्रशंसा गर्दा परोपकारविना पुण्यप्राप्ति गर्न सकिन्न भनी ठोकिएको छ । अनि अर्कालाई दुःख हुने काम गर्नु त पापकै लागि हो भनिएको छ । परोपकारः पुण्याय, पापाय परपीडनम् । चतुर्वर्गको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधन गर्नेतिर लाग्दा आफूलाई विलासिता र अत्यधिक सुविधापूर्ण जीवनबाट इमानदारीसाथ पर राख्नु आवश्यक छ। नत्र धनसंग्रह पनि ठूलै पाप बन्न पुग्छ।

धर्म, अर्थ, काम र मोक्ष— यी चतुर्वर्ग अर्थात् चार पुरुषार्थ प्रत्येक गृहस्थको साध्य हो र अर्थको सार परोकारमा छ सुविधापूर्ण र विलासितापूर्ण जीवनमा होइन। यो कुरा सबैले बुझिदिएका भए कसैले पनि सुखी बन्न पापपूर्ण तरीकालाई उपयोगमा ल्याउनुपर्ने थिएन। 'देवीमाहात्म्य' गृहस्थलाई पापको परिणाम यथार्थ रूपमा दर्शाउँछ।

गृहस्थ-धर्मलाई ध्यानमा राखेर विचार गर्ने हो भने 'देवीमाहात्म्य'-को उपयोगिता सर्वोत्कृष्ट मान्न सकिन्छ। अन्य देवताका माहात्म्य आफ्नो स्थानमा महिमामण्डित छन्। 'देवीमाहात्म्य'को पनि आफ्नै महिमा छ।

यसमा जम्मा तीन चरित छन् – प्रथम, मध्यम र उत्तम। प्रथम चरित पहिलो अध्यायमा, मध्यम चरित द्वितीयदेखि चौथो अध्यायसम्म र उतम चरित पाँचौं अध्यायदेखि तेह्रौं अध्यायसम्म वर्णित छ।

प्रथम चरितद्वारा महाकालीको, मध्यम चरितद्वारा महालक्ष्मीको र उतम चरितद्वारा महासरस्वतीको उपासना गरिन्छ। महाकालीको उपासनाद्वारा शारीरिक, महालक्ष्मीको उपासनाद्वारा आर्थिक र महासरस्वतीको उपासनाद्वारा बौद्धिक उपलब्धि हुने निश्चित छ। अर्को शब्दमा भन्ने हो भने यी उपासना क्रमशः आधिभौतिक, आधिदैविक र आध्यात्मिक उपलब्धिको लागि हो भन्न सकिन्छ।

शारीरिक शक्तिले मानिसलाई शारीरिक सामर्थ्य प्रदान गर्छ र आधिभौतिक उपलब्धि गराउँछ। आर्थिक शक्तिले भव्यता प्रदान गरी दिव्य आधिदैविक उपलब्धि दिन्छ। बौद्धिक शक्तिले विवेक जगाई आत्म-शक्तिद्वारा आध्यात्मिक उन्नतिको बाटोतिर डोऱ्याउँछ।

प्रथम चरितमा स्वयं स्रष्टा ब्रह्मा पनि केवल आफ्नो भयको निवारण गर्न प्रार्थना गर्छन्; अनि आफ्नै रक्षा मात्र खोज्छन्। मधु र कैटभबाट अरूको उद्धार गर्ने प्रश्नै उठ्दैन, किन भने त्यतिखेरसम्म सृष्टि भएकै थिएन, जगत् जलमय थियो। कसैको जिम्मेवारी ब्रह्माजीमाथि थिएन। फलस्वरूप उहाँ केवल स्वार्थमा केन्द्रित रहनुभयो। अतः यो पूर्णतः आधिभौतिक उपलब्धिमा सीमित चरित्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यम चरितमा सृष्टि भइसकेको हुन्छ। शुम्भ र निशुम्भको अत्याचारको शिकार तीनै लोक हुन पुग्छ । स्वयं देवताहरूमा पनि भागाभाग पर्छ। तिनीहरूको सिरीखुरी लुटिन्छ। राज्यश्रीबाट च्युत देवराज इन्द्रसहित सबै देवताहरू पुनः राज्यलक्ष्मीको प्राप्तिको लागि देवी चण्डिकाको उपासना गर्छन् । यसमा जगदम्बा चण्डिकादेवीलाई समस्त प्राणीको भयहरण गर्ने, दरिद्रता र दुःख हर्ने तथा सदा आर्द्र चित्त भई सबैको उपकार गर्ने देवीको रूपमा प्रार्थना गरिएको छ। अतः यसमा अधिदैविक गुणको विकास देखा पर्छ ।

उत्तम चरितमा शुम्भ र निशुम्भको अत्याचार पराकाष्ठामा पुगिसकेको हुन्छ। धुरीमा पुगेको पापले तिनीहरूलाई महादेवी अम्बिकाको सौन्दर्यतिर घचेट्छ। धुरीमा पुगेर पाप कराउँछ, सबै आततायी दैत्यहरू पुतली झैं जगदम्बाको सौन्दर्यज्वालामा होमिन पुग्छन् र भस्म हुन्छन्। अर्कालाई शोषण गरी आफू मोज गर्नेहरू जतिसुकै शक्तिशाली भए पनि अन्तमा समूल उखेलिन्छन् र मटियामेट हुन पुग्छन् भन्ने कुराको ज्वलन्त शास्त्रीय प्रमाण हो यो। हाम्रा ऋषिहरूको अनुभवले खारिएको निष्कर्ष हो यो, अनि हो यो शाश्वत सत्य। यसको अपवाद कोही पनि हुन सक्तैन। जलप लगाउँदैमा सत्य ढाकिन्न ।

दैत्यहरूको विनाशपछि पुनः सम्पूर्ण जगत्को कल्याणको कामना गर्दै विश्वको दुःख हर्ने र तीनै लोकलाई वरप्रदान गर्ने देवीको प्रार्थना गरिन्छ। अन्तमा राजा सुरथलाई मनुपद र समाधि वैश्यलाई ज्ञानको प्राप्ति हुने वरदान देवीबाट प्राप्त हुन्छ। यसरी यस चरितमा आध्यात्मिक तत्त्वको वीजारोपण हुन्छ।

यी तीन चरित क्रमशः धर्म, अर्थ र कामको लागि ससङ्कल्प पाठ गरिन्छन् र यी तीनै पुरुषार्थको सिद्धिपछि चतुर्थ पुरुषार्थ मोक्षतिर अग्रसर हुने बाटो खोलिने कामना गरिन्छ। अध्यात्मको चरम उपलब्धि हो – मोक्ष। यसैको प्राप्ति यसले गराउँछ। अन्यथा तीन पुरुषार्थको त स्रोत नै हो यो। यसरी 'देवीमाहात्म्य' चतुर्वर्गसाधनको लागि अत्युपयोगी पवित्र ग्रन्थ साबित हुन आउँछ।

यस्तो ग्रन्थको अनुवाद ज्योतिषशास्त्रका समेत अध्येता उदारमना श्री रत्नबहादुर रघुवंशीले नेपालीभाषामा गर्नुभएको देख्दा मलाई स्वतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहयोग गर्ने इच्छा भयो । यसको उपयोगिताको वर्णन जतिसुकै गरे पनि पुग्दैन । परम साध्यको प्राप्त्यर्थ यसले अवश्य पनि यसको पाठ गर्नेलाई सघार पुऱ्याउनेछ । आर्यधर्मको महत्ताको आभास पनि यसले खुलस्त रूपमा दिनेछ ।

यसको जति बढी अध्ययन, चिन्तन र मनन गरिनेछ उति नै नयाँ–नयाँ तत्त्वहरूको स्फुरण हुँदै जाने कुरामा कुनै शङ्का छैन । सौभाग्यवश यो परम पावन काममा मेरो पनि हात रहन गयो । यो सन्जोग मिल्न जानुमा जगदम्बाकै परम कृपादृष्टि कारण छ, म त निमित्त मात्र भएको छु । यसको अध्ययन, मनन र चिन्तनद्वारा पाठकहरूको चित्तशुद्धि भई आत्म-बलको निरन्तरवृद्धि हुँदै जाओस् यही मेरो प्रार्थना छ जगदम्बासित ।

जगदम्ब ! बिचित्रमत्र किं
परिपूर्णा करुणाऽस्ति चेन्मयि ।
अपराधपरम्परावृतं
न हि माता समुपेक्षते सुतम् ।।

[हे संसारकी आमा ! तिम्रो पूरापूर करुणा ममा छ भने यसमा आश्चर्य के छ ? अपराधै–अपराधले घेरिएको छोरालाई पनि आमा उपेक्षा गर्दिनन् ।] त्यसैले उनै जगदम्बाको भक्तिमा मेरो मन निरन्तर लागिरहोस् भन्ने कामना गर्छु ।

त्वमेव माता च पिता त्वमेव
त्वमेव बन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणं त्वमेव
त्वमेव सर्वं मम देवदेवि ।।

– एक क्षुद्र अज्ञानी
कुमारधर शर्मा 'ज्ञानी'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रघुवंशी– प्रकाशन–मालाका अन्य प्रकाशन

१. ग्रह–योगिनी–स्तोत्र सग्रहकर्ता – श्री गोपालराज शर्मा

२. शनि ग्रह : विवेचना र आराधना लेखक – श्री रत्न रघुवंशी र श्री खिलनाथ

प्रकाशनोन्मुख

राहु–केतु : विवेचना र आराधना

लेखक :– श्री रत्न रघुवंशी

पुस्तक पाइने ठाउँ

१) रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

२) लालुपाते पुस्तक पत्रिका सेन्टर, मैतीदेवी, काठमाडौं ।

३) विद्या पुस्तक भण्डार, महापाल, ललितपुर ।

४) घुम्ती रुद्रीटोली, अग्निशाला, थबु, ललितपुर ।

५) उमा-महेश्वरको मन्दिर, चक्रबहिल, ललितपुर ।

६) खोसि पुस्तक भण्डार, मङ्गलबजार, ललितपुर ।

७) श्याम बुक स्टल, आदर्शनगर, वीरगंज ।

८) राजीव प्रेस, मलङ्गवा, सर्लाही ।

९) वैद्य बुक डिपो, जलेश्वर, महोत्तरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तश्लोकी

देवीमाहात्म्य

(नेपालीभाषामा)

ॐ नमश्चण्डिकायै ॥

एक समय शिवजीले भने– देवी ! तिमी आफ्ना भक्तउपर चाँडै प्रसन्न भएर वर दिने दुर्गासप्तश्लोकी स्तोत्रमन्त्र बताउने कृपा गर। देवीले भनिन्– स्नेह-पूर्वक तल लेखिएका मन्त्र जसले पाठ गर्ला उदेखि म सदा प्रसन्न रहनेछु।

ॐ अस्य श्रीदुर्गासप्तशतीस्तोत्रमन्त्रस्य नारायण-ऋषिः अनुष्टुप् छन्दः श्रीमहाकालीमहालक्ष्मीमहा-सरस्वत्यो देवताः श्रीदुर्गाप्रीत्यर्थं सप्तश्लोकीदुर्गापाठे विनियोगः।

ॐ ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा।
बलादाकृष्य मोहाय महामाया प्रयच्छति ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः
स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि ।
दारिद्र्यदुःखभयहारिणि का त्वदन्या
सर्वोपकारकरणाय सदार्द्रचित्ता ॥२॥

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥३॥

शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥४॥

सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ॥५॥

रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकलानभीष्टान् ।

त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ॥६॥

सर्वबाधाप्रशमनं त्रैलोक्यस्याऽखिलेश्वरि ।
एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवीकवच

ॐ नमश्चण्डिकायै ।। चण्डिकादेवीलाई नमस्कार ।। मार्कण्डेय ऋषिले ब्रह्माजीसँग सोधे– हे पितामह ! मलाई यस्तो कवच आज्ञा होस् जो अत्यन्त गोप्य होस् र सकल प्राणीलाई रक्षा गरोस् । ब्रह्माजीबाट आज्ञा भयो– हे ब्राम्हण ! सब प्राणीको उपकार गर्ने अत्यन्त गोप्य कवच त देवीको पवित्र कवच छ । त्यो सुन– पहिलो शैलपुत्री, दोस्रो ब्रम्हचारिणी, तेस्रो चन्द्रघण्टा, चौथो कुष्माण्डा, पाँचौं स्कन्दमाता, छैटौं कात्यायनी, सातौं कालरात्री, आठौं महागौरी, नवौं सिद्धिदात्री गरी नौ दुर्गा मानिएका छन् । यी नामहरू महात्मा ब्रम्हाजीद्वारा भनिएका हुन् । आगोले जल्न लागेको, लडाइँमा शत्रुहरूको बीचमा फँसेको, त्यस्तै विषम र दुर्गम लडाइँको सङ्कटमा परेका र भयले आत्तुरीमा परेका शरणागतलाई कुनै अशुभ हुँदैन । तिनलाई दुःख, आपत्ति, शोक र डर होला भन्ने पनि देखिदनँ । जसले भक्तिपूर्वक देवीलाई सम्झेका हुन्छन् तिनीहरूलाई सिद्धि प्राप्त हुन्छ । हे देवेशी ! जो तिमीलाई सम्झन्छन् तिनीहरूलाई तिमी रक्षा गर्छौ, यसमा शङ्का छैन । प्रेतमा रहेकी चामुण्डा; राँगोमा बसेकी बाराही; हात्तीमा चढेकी इन्द्राणी; गरुडमा बसेकी वैष्णवी; साँढेमा चढेकी माहेश्वरी; मुजूर वाहन भएकी कौमारी; कमलमा बसेकी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमल नैं हातमा लिएकी, विष्णुकी पत्नी देवी लक्ष्मी, साँढे वाहन भएकी, सेतो रूप धारण गरेकी देवी ईश्वरी र हाँसमाथि चढेकी, सबै गहनाले सिंगारिएकी ब्रम्हाणी, सबै योगले युक्त, अनेक गहनाले शोभायुक्त, अनेक रत्नले सिंगारिएका यी सबै माताहरू दैत्यशरीरको नाश, भक्तहरूको अभय र देवताहरूको हितको लागि शङ्ख, चक्र, गदा, शक्ति, हलो, मुसल, खेटक, तोमर, बन्चरो, पासो, भाला, त्रिशूल, शार्ङ्ग (सिङको) धनुष आदि उत्तम आयुधका साथ क्रोधले रन्थनिएर रथमा चढेका देखिन्छन्। महाभयानक, सारै डरलाग्दो पराक्रम भएकी, ठूलो बल भएकी, ठूलो उत्साह भएकी, ठूलो भयको विनाश गर्ने, शत्रुहरूको भय बढाउने, हेर्नै पनि मुश्किल हे देवी ! तिमीलाई नमस्कार छ, मलाई रक्षा गर।

मलाई इन्द्राणीले पूर्वमा रक्षा गरुन्; आग्नेय कोणमा (पूर्व र दक्षिणको बीच) अग्निदेवताले रक्षा गरुन्, दक्षिणमा बाराहीले रक्षा गरुन्; नैर्ऋत्य कोणमा (दक्षिण र पश्चिमको बीच) खड्गधारिणीले रक्षा गरुन्; पश्चिममा वारुणीले रक्षा गरुन्; वायव्य कोणमा (उत्तर र पश्चिमको बीच) मृगवाहिनीले रक्षा गरुन्; उत्तरमा कौवेरीले रक्षा गरुन्; ईशान कोणमा (पूर्व र उत्तरको बीच) शूलधारिणीले रक्षा गरुन्; माथि मलाई ब्रम्हाणीले रक्षा गरुन्, तलतिर वैष्णवीले रक्षा गरुन्; यसरी नै मुर्दा वाहन भएको चामुण्डाले दशै दिशाहरूमा रक्षा गरुन्; जयाले मेरो अगाडितिर रक्षा गरुन्; विजयाले पछिल्तिर रक्षा गरुन्;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बायाँ बगलमा अजिताले त दक्षिणमा अपराजिताले रक्षा गरुन्; मेरो टुप्पी द्योतिनीले रक्षा गरुन्; उमा मेरो शिरमा राज गरी मेरो रक्षा गरुन्; निधारमा मालाधरीले र दुई आँखीभुइँ यशस्विनीले रक्षा गरुन्; दुई आँखीभुइँको बीचमा त्रिनेत्राले, नाकमा यमघण्टाले, दुई आँखाको बीचमा शङ्खिनीले, दुई कानमा द्वारवासिनीले, दुई गाला कालिकाले र कानका फेदमा शाङ्करीले रक्षा गरुन्; नाकमा सुगन्धाले, माथिल्लो ओठमा चर्चिकाले, तल्लो ओठमा अमृतकलाले, जिब्रोमा सरस्वतीले र दाँतहरुलाई कौमारीले रक्षा गरुन्; घाँटीको माझमा चण्डिकाले, रुद्रघण्टी चित्रघण्टाले, तालु महामायाले, च्यूँडो कामाक्षीले र मेरो बोलीलाई सर्वमङ्गलाले रक्षा गरुन्; गर्दनमा भद्रकालीले, मेरुदण्डमा धनुर्धरीले, घाँटीको बाहिरी भागमा नीलग्रीवले घाँटीको नलीलाई नलकूबरीले, दुई काँधमा खड्गिनीले र मेरा दुई हातलाई वज्रधारिणीले रक्षा गरुन्; दुई हातमा दण्डिनीले र औंलाहरूलाई अम्बिकाले रक्षा गरुन्; शूलेश्वरीले नङहरूको रक्षा गरुन्; नलेश्वरीले दुई कोखाको रक्षा गरुन्; महालक्ष्मीले दुई स्तन र शोकविनाशिनीले मनको रक्षा गरुन्; ललितादेवीले हृदयमा, शूलधारिणीले पेटमा, कामिनीले नाइटोमा र गुह्येश्वरीले गुह्यलाई रक्षा गरुन्; पूतनाकामिकाले लिङ्गलाई, महिषवाहिनीले गुदमा, भगवतीले कम्मरमा र विन्ध्यवासिनीले दुई घुँडालाई रक्षा गरुन्; सबै कामना पूरा गर्ने महाबलाले दुई जाँघको रक्षा गरुन्; नारसिंहीले दुई गोलीगाँठामा, तैजसीले पाइतलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैतलामा बस्ने श्रीदेवीले पाउका औंलाहरूमा, दंष्ट्राकरालीले नङहरू, ऊर्ध्वकेशिनीले केशहरू, कौबेरीले रौंका प्वालहरू, वागीश्वरीले छाला, पार्वतीले रगत, मज्जा, बोसो, मासु, हाड, मेद, कालरात्रीले आन्द्राहरू, मुकुटेश्वरीले पित्त, पद्मावतीले पद्मकोश (मूलाधार आदि) मा, चूडामणिले कफमा, ज्वालामुखीले नङको उज्ज्वलता, अभेद्याले शरीरका सबै जोर्नीहरूमा, ब्रम्हाणीले मेरो शुक्र र छत्रेश्वरीले छायालाई रक्षा गरुन्; धर्मधारिणीले मेरो अहंकार मन र बुद्धिको रक्षा गरुन्; वज्रहस्ताले मेरा प्राण, अपान, व्यान, उदान र समान वायुहरूको रक्षा गरुन्; कल्याणशोभनाले रस, रूप, गन्ध, शब्द र स्पर्श तथा नारायणीले सत्त्व, रज र तमलाई निरन्तर रक्षा गरुन्; वाराहीले आयुको रक्षा गरुन्; वैष्णवीले धर्मको रक्षा गरुन्; चक्रिणील यश, कीर्ति, लक्ष्मी, धन र विद्या तथा इन्द्राणीले मेरो गोत्रको रक्षा गरुन्; हे चण्डिका ! मेरा पशुहरूलाई रक्षा गर; महालक्ष्मीले छोराहरूको रक्षा गरुन्; भैरवीले स्वास्नीको रक्षा गरुन्; सुपथाले बाटोको रक्षा गरोस्; क्षेमकरीले यात्राको रक्षा गरुन्; महालक्ष्मीले राजद्वारमा र विजयाले सबैतिर रहेर रक्षा गरुन्; पापको नाश गर्ने देवी जयन्ती रक्षा नभएका कवचर्पाजित जति ठाउँ छन् मेरा ती सबै स्थानको रक्षा गर। आफ्नो भलो चाहने व्यक्ति विनाकवच एक पाइला पनि नसारोस्। कवचले बेरिएर जहाँ–जहाँ जान्छ त्यहाँ–त्यहाँ धनलाभ हुन्छ, सबै कामनाको सिद्धि र विजय प्राप्त हुन्छ; जुन–जुन कामनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्तन गर्छ, त्यस–त्यसको प्राप्ति हुन्छ; यस्ता पुरुषले पृथ्वीतलमा अतुल परम ऐश्वर्य पाउनेछन्, संग्राममा अपराजित भएर निडर मानिस हुन्छ। कवचले घेरिएर पुरुष तीन लोकमा पूज्य हुन्छन्। देवताहरूकै लागि पनि दुर्लभ देवीको यो कवच जसले शुद्ध भएर नित्य तीनै सन्ध्या-(पूर्वाह्न, मध्याह्न र अपराह्नका) मा श्रद्धापूर्वक पाठ गर्छ, यसलाई दैवी कला (अंश) प्राप्त हुनेछ र तीनै लोकमा अपराजित रहनेछ, अपमृत्युबाट पर रही सयौं–सयौं वर्ष बाँच्नेछ, लूतो, खटिरा आदि सबै रोग नष्ट हुन्छन्, स्थावर (अचल) जङ्गम (चल) कृत्रिम (नकली) आदि जति विष छन्' पृथ्वीतलमा भएका अभिचार आदि सबै यन्त्र-मन्त्र, थलचर, आकाशचारी; जलचर, क्षुद्रदेवता, बालग्रह; कुलदेवता; गण्डमाला, शाकिनी, डाकिनी, डरलाग्दा अति-बलिया अन्तरिक्षचारिणी डाकिनीहरू; ग्रह; भूत, पिशाच; यक्ष, गन्धर्व, राक्षस; ब्रह्मराक्षस, वेताल, कुष्माण्ड; भैरव आदि सबै त्यसको हृदयमा कवच रहेमा त्यसको दर्शनमात्र-ले नाश हुन्छन्। त्यो पुरुष पृथ्वीलाई कीर्तिले शोभित तुल्याई यशद्वारा वृद्धिमा पुग्छ। पहिले कवच, अनि सप्तशती चण्डीको पाठ–जप गर्नले जबसम्म पहाड-पर्वत, वन–जङ्गलसहितको भूमण्डलको पालन गर्छ तबसम्म पृथ्वी-मा त्यसका छोरा, नाति आदि सन्तान रहन्छन् र मृत्युपछि त्यो पुरुष महामायाको निगाहले जुन स्थान देवताहरूका लागि पनि दुर्लभ छ त्यस स्थानमा हम्मेसी प्राप्त हुन्छ। उत्तम रूप पाउँछ र शिवसँग रमाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्गलास्तोत्र

जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा, स्वधा, यी रूप धारण गर्ने हे देवी ! तिमीलाई नमस्कार छ । हे देवी चामुण्डा ! तिम्रो जय होस् । प्राणीहरूको दुःख हरण गर्ने हे देवी ! तिम्रो जय होस् । सबैमा व्याप्त रहने हे देवी ! तिम्रो जय होस् । हे कालरात्री ! तिमीलाई नमस्कार । मधु र कैटभलाई मार्ने, ब्रह्मालाई बर दिने हे देवी ! मलाई रूप देऊ, जय (जीत) देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार । महिषासुरको नाश गर्ने, भक्तहरूलाई सुख दिने हे देवी ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार । रक्तबीजलाई मार्ने एवं चण्ड र मुण्डको विनाश गर्ने हे देवी ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरुलाई मार । शुम्भ, निशुम्भ र धूम्राक्षलाई मर्दन गर्ने हे देवी ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार । चरणयुगल ढोगिएकी, सबैलाई सौभाग्य दिने हे देवी ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार । चिताउन नसकिने रूप र शील भएकी, सबै शत्रुको विनाश गर्ने हे देवी ? मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार । भक्तिले ढोग्नेहरूको पापहरण गर्ने हे चण्डिका ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीलाई भक्तिपूर्वक स्तुति गर्नेहरूको रोग-व्याधि नास्ने हे चण्डिका ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार। जसले यस लोकमा तिमीलाई सधैं भक्तिपूर्वक पूजा गर्छन्, त्यस्तालाई हे चण्डिका ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई नाश गर। मलाई सौभाग्य र आरोग्य देऊ, ठूलो सुख देऊ। रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार। द्वेष गर्नेहरूलाई नाश गर, मेरो बलवृद्धि गर। मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार। हे देवी ! कल्याण गर, ठूलो सम्पत्ति जुटाइदेऊ। रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई नाश गर। देवता दैत्यहरूको शिरको मणिले घिसिएको चरण भएकी हे अम्बिका ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार। मानिसलाई विद्यावान्, यश-कीर्तिले युक्त र धनी बनाऊ। रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार। डरलाग्दा दैत्यहरूको घमन्ड चूर गर्ने हे चण्डिका ! पाउ परेको मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार। चार हात भएकी, चार मुख भएकी, स्तुति गरिएकी हे परमेश्वरी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार। कृष्णद्वारा बारंबार भक्तिपूर्वक स्तुति गरिएकी हे अम्बिका ! तिमी रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार। हिमालय पर्वतकी छोरीका पति शिवद्वारा स्तुति गरिएकी हे परमेश्वरी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार। इन्द्राणीका पतिद्वारा भावभक्तिका साथ पूजा गरिएकी हे परमेश्वरी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई नाश गर। भयानक बाहुबल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका दैत्यहरूको घमन्ड नास्ने हे देवी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रुहरूलाई मार । भक्तहरूलाई आनन्द दिने हे देवी अम्बिका ! मलाई रूप देऊ, जय देऊ, यश देऊ, मेरा शत्रुहरूलाई मार ।

मलाई तर्न गाह्रो संसाररूपी समुद्रबाट तार्ने, कुल-घरानमा जन्मेकी, मेरो मनोवृत्तिअनुसार व्यवहार गर्ने राम्री स्वास्नी देऊ । यो स्तोत्र पढिसकेर मानिसले महा-स्तोत्र पढोस् । उसले सप्तशतीजापसङ्ख्याजत्तिकै सम्पत्ति पाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कीलकस्तोत्र

ॐ नमश्चण्डिकायैं ।। चण्डिकादेवीलाई नमस्कार ।। मार्कण्डेयजीले भने– विशुद्ध ज्ञानरूपी शरीर भएका, तीन वेदरूप दिव्य आँखा भएका, श्रेयःप्राप्तिका लागि निमित्त-स्वरूप रहेका, अर्धचन्द्र धारणा गर्ने भगवान् सदाशिवलाई नमस्कार छ । अन्य सबै कुराबेगर पनि जो सप्तशतीका मन्त्रहरूको कीलकको जप–पाठमा सधैं लागेको हुन्छ उ पनि क्षेम–कल्याण पाउँछ । त्यसले नित्य स्तुति मात्र गर्दा पनि उच्चाटन आदि सबै कुरा सिद्ध हुन्छन् । विना जपले उच्चाटन आदि सबै कुरा सिद्ध हुने न मन्त्र छ, न औषधि छ, केही पनि छैन । भगवान् श्रीशङ्करले यस लोकशङ्का-लाई ध्यानमा राखी यो सबै स्तोत्रलाई नियन्त्रण गर्नुभयो । चण्डिकाको यस स्तोत्रलाई उहाँले गुह्यतासाथ पाठ गर्नु-भयो । पुण्यफलले गर्दा तिनको यथावत् नियन्त्रण हुन जान्छ । यसको यस गुह्यतालाई कायम राख्नेले पनि सब किसिमको क्षेम–कल्याण प्राप्त गर्छ, यसमा कुनै शङ्का छैन । कृष्णपक्षको चतुर्दशी वा अष्टमीमा एकचित्त भएर यो स्तोत्र लिने वा दिने गरिन्छ । अरू किसिमले यो देवी प्रसन्न हुँदैनन् । यस प्रकार यो महादेवद्वारा कीलकले कीलित छ । जसले निष्कील पारी सुस्पष्ट रूपमा नित्य यसको जप-पाठगर्छ, त्यो पनि सिद्ध भई गणसहित गन्धर्व हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुग्छ । वनमा घुम्दा पनि उसलाई कतै कुनै डर हुनेछैन । उ अपमृत्युको फन्दामा पर्दैन, अनि मरिसकेपछि मोक्ष पाउँछ । राम्रोसँग जानी-बुझी थाल्नुपर्छ, प्रारम्भ गरी गर्न छाडेमा विनाश हुन्छ । त्यस कारण विद्वान्हरूद्वारा सम्पन्न यो साधना जानेर-बुझेर मात्र थालिन्छ । स्वास्नी-मानिसहरूमा सौभाग्य आदि जे-जति लक्षण देखिन्छ, त्यो जम्मै तिम्रै क्रिगाहले प्राप्त भएको हो । त्यस कारण यो शुभ स्तोत्र-जप गर्नु उपयुक्त छ । यो स्तोत्र बिस्तारै उच्च स्वरमा पाठ गरेमा अवश्य सिद्धि प्राप्त हुन्छ । पाठ-समाप्तिपछि पनि फेरि पाठ शुरू गर्नु उपयुक्त हुन्छ । यसले गर्दा देवीको किगाहले सौभाग्य, आरोग्य, सम्पत्ति आदि प्राप्त हुन्छ र शत्रुनाश भई मोक्षप्राप्ति पनि हुन्छ भने मानिसहरूद्वारा देवीको स्तोत्रपाठ नगरिने किन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम चरित्र

(महाकाली प्रीत्यर्थ)

पहिलो अध्याय

मधु र कैटभको वध

ॐ नमश्चण्डिकायै ।। चण्डिकादेवीलाई नमस्कार ।।

मार्कण्डेयले भने– 'आठौं मनु कहलाएका, सूर्यपुत्र सावर्णिको उत्पत्तिको कथा सुनाउँछु। सूर्यकुमार सावर्णि मनु भगवती महामायाको अनुग्रहबाट कसरी मन्वन्तरका मालिक बने, बताउँछु। उहिले स्वारोचिष मन्वन्तरमा चैत्रवंशमा जन्मेका सुरथ समस्त पृथ्वीमण्डलका राजा भए। दुनियाँलाई औरस पुत्रहरूलाई झैं पालन गर्दागर्दै कोला-विध्वंसीहरू उनका शत्रु भए। राजा सुरथका साथ तिनीहरूको भीषण संग्राम भयो। संग्राममा सुरथ हारे। त्यसपछि उनी आफ्नै देशका मात्र राजा भई रहन थाले। त्यहाँ पनि शत्रुहरूले हमला गरे। बलसम्पन्न हुन पुगेका दुरात्मा तथा दुष्ट मन्त्रीहरूले दुर्बल राजाको ढुकुटी र सेना पनि हत्याए। स्वामित्वबाट खस्केका ती राजा त्यसपछि शिकार खेल्ने बहानाले एक्लै घोडा चढेर घना जङ्गलमा गए। त्यहाँ उनले शान्त हिंस्रक जन्तुहरूले घेरिएका, मुनि तथा शिष्यहरूका साथ शोभित भएर रहेका ब्राह्मणश्रेष्ठ मेधा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई देखे । मुनिले सत्कार गरिएका राजा केही कालसम्म आश्रममा नै रहे । मुनिश्रेष्ठको आश्रममा यताउति डुल्दा डुल्दै ममत्वको वशमा परेका राजाको मनमा यस्ता कुरा खेलन थाले– मेरा पुर्खाहरूले पालन गरिएको नगरमा आज म छैन । मेरा दुश्चरित्र सेवकहरूले त्यो नगर राम्ररी पालन गरिएको छ वा छैन । सधैं मदको धारा बगाउने, मेरो सूरो प्रधान हात्ती वैरीको वशमा परी कस्तो दुर्दशा भोगिरहेको होला । पहिले मेरो पछि लागी निगाहपूर्वक सधैं धन र भोजन पाउनेहरू आज अवश्य पनि अरू राजाहरूको चाकडीमा लागेका छन् । जथाभावी खर्च गर्ने तिमीहरुले निरन्तर खर्च गरिरहनाले मैले अति दुःख गरी सञ्चय गरेको ढुकुटी नष्ट हुनेछ । राजा यसरी नै अनेक कुरा सोचन थाले । यस्तैमा उनले ब्राह्मणश्रेष्ठको आश्रम नजीक एउटा वैश्यलाई देखे । उनले सोधे– तिमी को हौ ? तिमी यहाँ आउनाको कारण के हो ? किन तिमी शोकाकुल देखिन्छौ ? तिम्रो मन साह्रै खिन्न जस्तो देखिन्छ ।

'राजा सुरथको यस्तो प्रेममय बचन सुनेर विनम्रतासाथ बैश्यले भने– मेरो नाम समाधि हो । वैश्य हुँ । म धनी कुलमा जन्मेको हुँ । धनको लोभले गर्दा स्वास्नी छोराहरूले निकाले । स्वास्नी-छोराहरूले धन खोसेका हुँदा म धनहीन हुन पुगेको छु । मेरा विश्वस्त बन्धुहरूले समेत निकालिदिएका हुँदा दुःखी भई म वनमा आएको हुँ । मेरा स्वजन र स्त्रीह ले बानी–बेहोर के-कस्तो छ वा के गरिरहेछन्, यहाँ बसेको हुँदा थाहा छैन । घरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनीहरूलाई सन्चो–बिसन्चो के छ त्यो पनि अहिले मलाई थाहा छैन। ती मेरा छोराहरू सदाचारी वा दुराचारी के भए केही थाहा छैन।

'राजाले भने– 'जुन धनका लोभी स्त्री-छोराहरूले तपाइँलाई निकाले तिनीहरूप्रति तपाइँको मनमा स्नेह-बन्धन हुनाको कारण के हो ?'

'वैश्यले भने– 'हामीहरूको विषयमा तपाइँले जे भन्नुभयो, त्यो त्यस्तै हो, तैपनि के गरूँ मेरो मन निष्ठुरतामा बाँधिन सकेको छैन। जसले धनको लोभमा परी पितृप्रेम, पतिप्रेम र बन्धुभावलाई समेत तिलाञ्जलि दिएर मलाई निकाले तिनैमा मेरो मन अनुरक्त छ। यो के हो बुझन खोज्दा पनि बुझ्दिनँ। गुणहीन बन्धुहरूप्रति मेरो चित्तमा प्रेम उर्लिरहेछ। तिनीहरूको लागि म सुस्केरा हाल्दै छु, तिनीहरूकै सम्झनाले मेरो चित्त खिन्न भइरहेको छ। तिनीहरू मलाई माया गर्दैनन्, तैपनि मेरो मन तिनीहरूप्रति निष्ठुर हुन सकेको छैन, के गर्ने ?'

मार्कण्डेयले भने–

'त्यसपछि ती दुवै मेधा ऋषिको आश्रममा पुगे दुवै मुनिसमक्ष कुराकानीमा तत्पर भए। राजाले भने– 'भगवान् ! म तपाइँलाई एउटा कुरा सोध्न चाहन्छु, बताउनुहोला। चित्त आफ्नो वशमा नहुनाले जुन कुराले मेरा मनलाई दुःख दिइरहेछ त्यो अवगत गराउन चाहन्छु। राज्य गइसकेपछि पनि राज्यका सबै अङ्गमा अज्ञानीको झैं मेरो मन किन गइरहन्छ ? वैश्य पनि स्त्री, पुत्र, आत्मीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन तथा नोकरहरूद्वारा निकालिएको छ तैपनि ती नै कृतघ्नहरूप्रति यसको मन किन अनुरक्त छ? म र यो वैश्य दुवै दोष देख्दा देख्दै पनि ममताले खिचिएर अत्यन्त दुःखी छौं। थाहा पाउँदा पाउँदै पनि म अज्ञानमा डुबेको छु। यो वैश्य पनि विवेकहीन भई मूढताले ग्रस्त हुन पुगेको छ। यो के भएको हो, हे महाभाग ऋषि! हामीलाई बताउनुहोस्।'

'ऋषिले भने- 'हे महाभाग! विषयमार्गको ज्ञान सब जीवलाई हुन्छ। विषय पनि पृथक्-पृथक् हुन्छ। कति प्राणी दिउँसो अन्धा हुन्छन्, कोही राति देख्दैनन्, कतिपय जीव दिउँसो र राति दुवै समय उत्तिकै देख्छन्। मनुष्य ज्ञानसम्पन्न हुन्छन्, हो तर तिनीहरू मात्र ज्ञानी हुँदैनन्। किनभने पशु-पक्षी, मृग आदि सबै ज्ञानी हुन्छन्, मृग-पक्षीहरूमा जुन ज्ञान छ त्यही ज्ञान मनुष्यहरूमा पनि छ; अर्थात् दुवै थरीमा ज्ञान समान रूपमा हुन्छ। ज्ञान हुँदा हुँदै पनि आफै भोको रहेका पक्षीहरूले समेत आफ्ना बचराहरूका चुच्चामा मोह-ममतावश दाना हालिरहेको हेर्नुस्। हे नरश्रेष्ठ! समझदार मानिसहरूले समेत लोभाक्रान्त भई आफूले गरेको उपकारको बदला छोराहरूबाट पाउन खोजेको के तपाइँले देख्नुभएको छैन? तिनीहरूमा ज्ञानको कमी छैन, तैपनि संसारको स्थिति चलाउने महामायाको प्रभावले ममतारूपी भुमरी परेको मोहको खाल्टोमा जाकिन पुगेका छन्। तसर्थ यसमा आश्चर्य मान्नुपर्ने कुनै कुरा छैन। भगवान् विष्णुकी योगनिद्रारूपिणी महामाया भगवतीद्वारा यो विश्व मोहित छ। यीनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवती देवी महामाया ज्ञानीहरूको चित्त खिचेर मोहमा पार्दछिन् । समस्त जगत्को सृष्टि गर्ने यिनै परमेश्वरी हुन् । प्रसन्न भएपछि मानवमात्रको मुक्तिको लागि वर दिने यिनी मुक्तिको हेतुस्वरूपा सनातनी पराविद्या हुन् । यिनै संसाररूपी बन्धनको हेतुभूता, सबै ईश्वरहरूका पनि अधीश्वरी हुन् ।

'राजाले भने– 'जसलाई तपाईं महामाया भन्नुहुन्छ ती देवी को हुन् ? भगवान् ! उनको आविर्भाव कसरी भयो ? हे ब्राह्मण ! तिनका चरित्र के–के हुन्, अनि देवीको प्रभाव, स्वरूप र तिनको उत्पत्तिको विषयमा हजूरबाट सबै सुन्न चाहन्छु ।

'ऋषिले भने– 'राजन् ! ती देवी नित्यस्वरूप हुन् । सम्पूर्ण जगत् उनकै रूप हो । समस्त संसार उनैद्वारा व्याप्त छ । देवताहरूको कार्यसिद्धिका लागि जब उनी प्रकट हुन्छिन्, त्यतिखेर नित्यस्वरूपा हुँदा हुँदै पनि तिनलाई 'उत्पन्न भइन्' भन्ने गरिन्छ । प्रलयकालमा जब भगवान् नारायण शेषशय्यामाथि योगनिद्रामा लीन थिए, त्यस वेला नारायणको कानेगुजीबाट उत्पन्न मधु र कैटभ नामका दुई दैत्य भगवान् विष्णुको नाभिकमलमा विराजमान ब्रह्मालाई मार्न तैयार भए ।

'विष्णुको नाभिकमलमा बसेका ब्रह्मा ती दुवै दैत्यलाई देखेर योगनिद्रामा लीन विष्णुलाई जगाउनको लागि उनका नेत्रमा निवास गरेकी, विश्वेश्वरी, जगत्लाई धारणा गर्ने, पालन र संहार गर्ने विष्णुको तेजःशक्ति, अतुल-निद्रा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपिणी भगवती योगमायाको स्तुति गर्न लागे। ब्रह्माले भने– 'तिमीं नै स्वाहा हौ, तिमी नै स्वधा हौ, तिमी नै वषट्कार र स्वरस्वरूप हौ। तिमी नै सुधा (अमृत) हौ। नित्य अक्षर प्रणवमा 'अ, उ, म्' यी तीन मात्राको रूपमा तिमी नै स्थित छौ। विशेष गरी जुन मात्राको उच्चारण हुँदैन त्यस अर्धमात्रामा तिमी स्थित छौ। तिमी नै सन्ध्या र परा जननी सावित्री हौ। हे देवी ! तिमी नै यस जगत्-लाई धारण, सृष्टि, पालन र संहार गर्दछौ। यसरी क्रमशः सृष्टि, स्थिति र प्रलय त्रिविध अवस्थायुक्त विश्वलाई ब्राह्मी, वैष्णवी तथा रौद्री रूपद्वारा धारणा गरेको छौ। हे सर्वज्ञे ! सृष्टिकालमा सृष्टिरूपा पालनकालमा स्थिति-रूपा र प्रलयकालमा संहाररूपा भएर विराजमान हुन्छौ। तिमीं नै महाविद्या, महामाया, महामेधा, महास्मृति, महा-मोहा, महादेवी र महेश्वरी पनि हौ। तिमीं नै सबैको सत्त्व, रज र तम यी तीन गुणारूपा प्रकृति हौ। तिमी नै कालरात्रि, महारात्रि र मोहरात्रि आदि भयङ्कर रात्रि हौं (तिमी नै सृष्टि, स्थिति र पालनगर्ने, कालरात्रि, महारात्रि र मोहरात्रि श्रीमहादेवी शक्ति र भुवनेश्वरीबीजरूपा हौ)। तिमी नै लक्ष्मी, ईश्वरी, लज्जा, बोधस्वरूपा, बुद्धि, पुष्टि, शान्ति र क्षान्ति हौ। तिमी नै खड्ग, शूल, गदा, शङ्ख, धनु, वाण, भुशुण्डी र परिघ धारण गर्ने भयङ्कर स्वरूपा हौ। तिमी सौम्य, अति सौम्य र अत्यन्त सौम्यहरूभन्दा पनि अतिसुन्दरी छौ। परा र अपराहरूमध्ये पनि परम मानिएकी तिमी परमेश्वरी हौ। जहाँ जे–जति वस्तु छ, सत्, असत् अर्थात् नित्य, अनित्य वा भए–नभएका सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुको शक्तिस्वरूपा तिम्रो स्तुति म कसरी गरूँ ! सृष्टि, स्थिति गर्ने भगवान् विष्णुलाई पनि तिमीले निद्राको वशमा पुऱ्यायौ भने तिमीलाई कसले स्तुति गर्न सकोस् ! विष्णु संसारको पालन गर्ने, म सृष्टिकर्ता र शङ्कर संहारक हुन् । हे देवी ! हामी तीनै जनाले तिमीद्वारा नै शरीर-धारण गरेका हौं । अतः तिम्रो स्तुति गर्ने साहस कसले गर्ला । हे देवी ! आफ्ना उदारभावद्वारा मधु र कैटभ दुवै दैत्यहरूलाई मोहित गरेकी छौ । विष्णु भगवान्लाई चाँडै जगाई यी दुष्टहरूको वध गराऊ ।'

'ऋषिले भने– 'यस प्रकार ब्रह्माद्वारा स्तुति गरिए-पछि निद्रारूपिणी तामसी देवी विष्णुलाई जगाउनको लागि उनका आँखा, मुख, नाक, हात, मुटु र छातीबाट निस्की ब्रह्माले देख्ने गरी उभिइन् । अनि भगवान् विष्णु योग-निद्राबाट बिउँझेर उठ्नुभयो । ब्रह्मालाई खाने प्रयासमा लागेका अत्यन्त पराक्रमी दुरात्मा र क्रोधी मधु र कैटभ दैत्यलाई देखे । विष्णु भगवान्ले ती दुवै दैत्यसँग पाँच हजार वर्षसम्म बाहुयुद्ध गरे । बलले उन्मत्त भएका ती दुवै दैत्य महामायाका प्रभावले मोहित भएर भन्न थाले– 'तिम्रो वीरताले सन्तुष्ट भयौं, हामीसँग इच्छानुसार वर माग ।'

'भगवान् विष्णुले भने– 'यदि तिमी मउपर सन्तुष्ट छौ भने मेरो हातबाट तिमीहरूको मृत्यु होस्, यही मेरो इच्छा छ ।'

'ऋषिले भने– 'यसरी ठगिएका दुवै दैत्यले जगत् जलाम्मे देखेर भगवान् विष्णुलाई भने– 'पृथ्वी जहाँ जलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डुबेको छैन, त्यहीं हामीलाई मार ।'

'ऋषिले भने– 'उनको वाणी सुनेर शङ्ख, चक्र र गदा धारण गर्ने बिष्णुले दुवैको टाउको आफ्नो तल्लो पेटमा अड्याई चक्रले काटे । यसरी ब्रह्माको स्तुतिले गर्दा देवी प्रकट भएकी थिइन् । यिनको प्रभावबारे तिमीलाई पुनश्च सुनाउँछु, सुन ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यम चरित्र

(महालक्ष्मीप्रीत्यर्थ)

दोस्रो अध्याय

देवीप्रादुर्भाव तथा महिषासुरको सेनाको संहार

'ऋषिले भने– उहिले देवताका राजा इन्द्र र दैत्यहरूका राजा महिषासुरका बीचमा पूरा एक सय वर्षसम्म संग्राम भयो। त्यस युद्धमा देवताहरूको हार भयो र दैत्यका राजा पराक्रमी महिषासुर आफै इन्द्र भए। दैत्यहरूद्वारा पराजित देवताहरूले ब्रह्माजीलाई अघि लगाएर विष्णु र शङ्कर भएको ठाउँमा पुगे। देवताहरूले बिन्ती गरे– भगवान्! महिषासुर सूर्य, इन्द्र, अग्नि, वायु, चन्द्रमा, यम, वरुण आदि देवताहरूको अधिकार खोसेर स्वयं स्वामी भएका छन्। दुराचारी महिषासुर देवताहरूलाई स्वर्गबाट निकाली मनुष्य झैं पृथ्वीमा डुलिरहेका छन्। अतः तपाईंहरूलाई महिषासुरको हाल कहें। शरणमा आएका हामीलाई उसको वध गरी रक्षा गर्नुहोस्। देवताहरूका यस्ता वचन सुनी भगवान् विष्णु एवं शंकरले दैत्यहरूउपर भयङ्कर क्रोध गरे, रिसले आँखीभौं र मुख समेत टेढो पारे। अति क्रोधित भगवान् मधुसूदनको मुख-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट एक महातेज निस्क्यो, साथै अन्य देवताहरूका शरीर-बाट पनि तेज निस्की एकाकार भयो । तेजको त्यो पुञ्ज ज्वाज्वल्यमान पर्वतजस्तो देखियो । देवताहरूले सम्पूर्ण दिशा ज्वालाले व्याप्त भएको देखे । भगवान् शङ्करको तेजबाट देवीको मुख, यमराजको तेजबाट केश, विष्णुको तेजबाट भुजाहरू, चन्द्रमाको तेजबाट दुई स्तन, इन्द्रको तेजबाट मध्य (कम्मर र पेट), वरुणको तेजबाट जाँघ र तिघ्रा, पृथ्वीको तेजबाट नितम्ब, ब्रह्माको तेजबाट दुई चरण, सूर्यको तेजबाट तिनका औंलाहरू, वसुहरूका तेज-बाट हातका औंलाहरू, कुबेरको तेजबाट नाक, प्रजापतिको तेजबाट दाँतहरू, अग्निको तेजबाट तीन आँखा, दुई सन्ध्या-को तेजबाट दुई आँखीभौं, वायुको तेजबाट दुई कान र अन्य सम्पूर्ण देवताहरूको तेजसमेतको संयोगबाट देवी शिवाको प्रादुर्भाव भयो । तेजःपुञ्जबाट यस्ती देवीको प्रादुर्भाव भएको देखी महिषासुरद्वारा पीडित देवताहरू अति प्रसन्न भए । त्यसपछि देवताहरूले आ-आफ्ना हतियार ती देवीलाई दिइन् । पिनाकधारी शिवले आफ्नो शूलबाट शूल निकाली तिनलाई दिए । भगवान् विष्णुले आफ्नो सुदर्शन चक्रबाट चक्र निकालेर दिए । वरुणले शङ्ख र अग्निले शक्ति दिए । वायुले धनु र बाणले भरिएको तर-कस दिए । देवराज इन्द्रले आफ्नो वज्रबाट वज्र निकाली दिए । साथै ऐरावत हात्तीको घण्टा पनि फुकालेर दिए । यमराजले कालदण्डबाट दण्ड निकालेर दिए । वरुणले पाश दिए । प्रजापतिले अक्षमाला दिए । ब्रह्माले कमण्डलु दिए । सूर्यले समस्त रोमकूपमा आफ्ना किरणको प्रवेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराए । कालले उज्ज्वल खड्ग र ढाल दिए । क्षीरसमुद्रले उज्ज्वल हार, कहिल्यै पुरानो नहुने वस्त्र, दिव्य चूडामणि, दुई कुण्डल, बालाहरू, अर्धचन्द्र, सबै बाहुमा लाउन उज्ज्वल बाजुहरू, दुई उज्ज्वल पाउजेब, त्यस्तै कण्ठहार (कण्ठा), समस्त औंलाहरूमा लाउन, रत्नसहितका औंठीहरू, विश्वकर्माले उज्ज्वल बन्चरो, अनेक आकारका अस्त्रहरू र अभेद्य कवच दिए । समुद्रले नवैलाउने कमलको माला र अति राम्रो कमल हृदयमा र शिरमा धारण गर्नको लागि दिए । हिमालय पर्वतले वाहन सिंह र किसिम-किसिमका रत्नहरू दिए । कुवेरले मदिरा भरिएको पानपात्र दिए । पृथ्वी धारण गर्ने नागराज शेषले महामणिले विभूषित नागहार दिए अन्य देवताहरूले पनि देवीलाई गहना र हात-हतियार अर्पण गरी सम्मान गरे । त्यसपछि देवी वारंवार अट्टहासका साथ उच्च स्वरले गर्जन थालिन् । उनको भयंकर नादले सम्पूर्ण आकाश गुञ्जायमान हुन थाल्यो । विश्वमा हलचल मच्चियो र समुद्र, पृथ्वी तथा समस्त पर्वत कम्पायमान हुन थाल्यो । देवताहरू प्रसन्नतासाथ ती सिंहवाहिनी देवीलाई 'विजय प्राप्त गर' भन्दै भक्तिले नम्र भएर स्तुति गर्न लागे ।

'समस्त त्रिभुवन क्षुब्ध भएको देखी दैत्यहरू सेना तयार पारी हतियार उजाउँदै जमजमाएर उठे । रिसले 'आ ! के हो यो !' भन्दै महिषासुरले समस्त दैत्यहरूले घेरिएर आवाज आएतिर धावा बोल्यो । त्यसपछि उसले तेजले तीनै लोकलाई आलोकित पारिरहेकी देवीलाई देख्यो । देवीको पदभारले पृथ्वी नुहेकी थिइन् भने मुकुटले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशलाई कोर्न पुगेको थियो । धनुको ताँदोको टङ्कारले समस्त पातालखाई क्षुब्ध पारेको थियो । देवी हजार भुजाले वरिपरि सबै दिशा व्याप्त पारेर बसेकी थिइन् । त्यसपछि ती देवीसित दैत्यहरूको लडाइँ भयो । किसिम-किसिमका शस्त्रास्त्रहरूको अत्यधिक प्रयोगले गर्दा सम्पूर्ण दिशा आलोकित हुन थाल्यो । महिषासुरका सेनापति चिक्षुर देवीसित युद्ध गर्न थाल्यो । अरूका साथ चतुरङ्गिणी सेना साथ लिएर लड्न थाल्यो । साठी हजार रथका साथ उदग्र नामको महादैत्य लड्न आयो भने एक करोडका साथ महाहनु भिड्न आइपुग्यो । असिलोमा महादैत्य पाँच करोड रथी साथ लिएर लड्न पुग्यो भने साठी हजार रथी-का साथ बाष्कल पनि भिडिन पुग्यो । हजारौं हात्ती, घोडाका अनेक समूह करोडौं रथहरूले घेरिएको त्यो दैत्य रणभूमिमा लड्न थाल्यो । बिडाल पाँच लाख दश हजार रथले घेरिएर मैदानमा उत्र्यो । दशौं हजार अन्य महा-दैत्यहरू पनि रथ, हात्ती र घोडाहरूले घेरिएर देवीसित संग्राम गर्न थाले ।

'त्यस लडाइँमा महिषासुर दशौं अरब रथ, हात्ती र घोडाले घेरिएर बसेको थियो । दैत्यहरू तोमर, भिन्दिपाल, शक्ति, मुसल खड्ग, बन्चरो, पट्टिश आदि शस्त्रास्त्रको प्रयोग गरी लड्न थाले । कोही शक्ति, कोही पाश त कोही खड्गको प्रहार देवीमाथि गर्न थाले । देवी चण्डिका-ले आफ्ना शस्त्रास्त्र बर्साई तिनीहरूका ती शस्त्रास्त्र खेलखेलमै काटिन् । भगवतीको अलौकिक पराक्रम देवी देवता ऋषिहरू स्तुति गरिरहेका थिए । तिनको मुखमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थकाइको भाव पटक्कै थिएन । तिनी दैत्यहरूको शरीरमा अनेक हातहतियारको प्रहार गरिरहेकी थिइन् । तिनका वाहन सिंह पनि रिसाएर जग्गर हल्लाउँदै जङ्गलमा आगो झैं रणभूमिमा विचरण गरिरहको थियो । देवीको निःश्वासबाट सयौं–हजारौं गणहरूको उत्पत्ति हुन थाल्यो । तिनीहरू पनि बन्चरो, भिन्दिपाल, तरवार, पट्टिशको प्रहार गरी दैत्यहरूको विनाश गर्न थाले । ती गणहरू नगरा, शङ्ख, मृदङ्ग आदि बजाएर युद्धलाई रणमहोत्सवमा परिणत गरिरहेका थिए । देवीले त्रिशूल, गदा, शक्ति, खड्ग आदिको प्रयोग गरी सैंकडौं महादैत्यहरूलाई मारिन् । घण्टाको स्वरले लट्ठिएका दैत्यहरूलाई तिनले पासोले बाँधी घिसारिन् । कसैलाई खड्गले छप्काइन्, कसैलाई गदा प्रहार गरी सोत्तर पारिन् । कतिपय दैत्यहरू मुसलको अधिक मारले गर्दा रगत छाद्न थाले । कोही भने शूलले छाती चिरिनाले भूमिमा लडे । निरन्तर वाणवर्षा गरिनाले कतिपय रणस्थलमै प्राणत्याग गरे । कसैका हात काटिए, कसैका तिघ्रा काटिए, कसैका टाउका काटिए । कसैको मध्यभाग विदीर्ण भयो । कोही जाँघ काटिएर भूमिमा लडे । एक हात, एक आँखा, एक खुट्टा देवीद्वारा काटिएका, अनि शिर काटिएर भुइँमा लडिसक्दा पनि पुनः उठेका दैत्यहरू रणभूमिमा जताततै देखिन थाले । कोही त बाजाको तालमा नाच्न लागेकासम्म पनि देखिए । खड्ग, शक्ति, तरवार हातमा लिएका मुर्कट्टाहरू रणभूमिमा विचरण गर्न लागेका देखिन्थे भने अन्य महादैत्यहरू देवीलाई ललकार्दै धावा बोल्न लागेका देखिन्थे । त्यस महायुद्धमा मारिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र लडाइएका रथ, हात्ती, घोडा र दैत्यहरू गर्दा लडाइँ-को मैदान हिँडि नसक्नु भयो। दैत्यसेनाका हात्ती, दैत्य, घोडाहरूको बीचमा रगतको खोला बग्न थाल्यो। देवी अम्बिकाले दैत्यहरूको त्यस महासैन्यलाई अग्निले झारपात, काठहरूको विशाल थुप्रोलाई झैं एकै क्षणमा सखाप पारि-दिइन्। देवीका वाहन सिंह पनि जगर हल्लाउँदै गर्जेर दैत्यहरूको प्राणै हरुँला झैं गर्न लागे। देवी र गणहरूको दैत्यहरूसित भएको महायुद्ध देखी पुष्पवृष्टि गर्दै देवताहरू सबैं देवीको स्तुति गर्न लागे।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्याय

महिषासुरको वध

'ऋषिले भने- 'यसरी दानव सेना मारिएको देखेर दैत्यसेनापति चिक्षुर जङ्गिएर देवी अम्बिकासित लड्न अघि सन्यो। बादलले मेरुपर्वतमा पानी बर्साएझैं त्यस युद्धमा त्यस दैत्यले देवीमाथि वाण बर्साउन थाल्यो। देवीले खेल-खेलमैं आफ्ना वाणले उसका वाणलाई काटेर त्यसका घोडाहरू र सारथिलाई पनि मारिन्। लगत्तै पछि धनु र ध्वजा पनि काटिन्। त्यसको शरीरभरि बाण-वाणले बिंधिदिइन्। धनुषहीन, रथरहित, घोडा र सारथि मारिएको त्यो दुष्ट ढाल र तरवार हातमा लिई देवीतिर दौड्यो र तरवारको तीखो धारले सिंहको शिरमा प्रहार गरी देवीको बायाँ हातमा पनि अति वेगसाथ प्रहार गर्न पुग्यो। हे राजपुत्र! तिनको हातमा ठोकिएर तरवार खस्यो। रिसले आँखा राता पार्दै त्यस महादैत्यले भद्रकालीमाथि शूलको प्रहार गन्यो। सूर्य झैं जाज्वल्यमान शूल आएको देखी देवीले पनि आफ्नो शूल छाडिन्। त्यस शूलले त्यसको शूललाई सयौं टुक्रा पान्यो र त्यसलाई पनि पनि मान्यो। महिषासुरको सेनापति चिक्षुर मारिएको देखेर चामर नामक असुर हात्तीमा चढेर आयो। त्यसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि देवीउपर शक्तिको प्रहार गऱ्यो, तर देवीले त्यस शक्तिलाई हुङ्कारले निष्प्रभ तुल्याई भूमिमा गिराइन् । शक्ति टुक्रिएको देखेर त्यसले जङ्गिएर शूलको प्रहार गऱ्यो । तर देवीले त्यसलाई पनि वाणँ–वाणले टुक्रा पारिदिइन् । त्यसपछि सिंह उफ्रेर हात्तीको गण्डस्थलको अन्तरमा रही त्यस दैत्यसँग घम्साघम्सी गर्दै बाहुयुद्ध गर्न थाल्यो । लड्दा लड्दै तिनीहरू हात्तीबाट पृथ्वीमा झरे । त्यस घम्साघम्सीमा तिनीहरू आपसमा अति भयङ्कर प्रहार गर्दै लड्न थाले । त्यसपछि वेगले आकाशमा उफ्री सिंहले पन्जाको प्रहार गरी चामरको टाउको छुट्टयायो ।

'त्यसपछि देवीले उदग्रलाई ढुङ्गा–रूख आदि प्रहार गरी मारिन् । करालालाई चाहिं दाँतले टोकेर, मुड्की–चड्कन हानेर मारिन् । त्यसपछि रिसले चूर भएकी देवीले गदाले ठोकी-ठोकीकन उद्धतलाई पनि चूर्ण पारिन् । त्यसरी नै तीन आँखा भएकी ती परमेश्वरीले वाष्कललाई भिन्दिपालको प्रहारले, ताम्र र अन्धकलाई वाणले, उग्रास्य, उग्रवीर्य र महाहनुलाई त्रिशूलले मारिन् । विडालको टाउको गिडबाट छुट्टयाइदिइन् । दुर्मुख र दुर्धरलाई वाण हानी मारिन् । यसरी आफ्नो फौजको विनाश हुन थालेपछि महिषासुर राँगोको रूप लिई देवीका गणहरूलाई तर्साउन थाल्यो । थुतुनो, खुर, पुच्छर र सिङले प्रहार गरी देवीको गणभित्र उधुम मचाउन थाल्यो । कतिलाई त आफ्नो वेग, आवाज, फुङ्कार र घुमाइले नै धराशायी तुल्याउन थाल्यो । यस प्रकार प्रमथगणलाई सोत्तर पारिसकेपछि त्यो असुर महादेवीको सिंहलाई मार्न जाइलाग्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो देखी देवी अम्बिका क्रोधाक्रान्त भइन् । त्यो दैत्य पनि क्रोधवश भई खुरले भुइँ खोतल्दै सिङले अग्ला पर्वतहरू उचाली प्रहार गर्दै गर्जन गर्न थाल्यो । उ वेगले घुम्दाले पृथ्वी क्षत–विक्षत भइन्, पुच्छरको प्रहारले गर्दा समुद्र जताततै बग्न थाल्यो, बादलहरू सिङ हल्लाउँदाको मारले टुक्रा-टुक्रा भई फाटे । त्यस महिष दैत्यले छाडेको श्वासवायुको वेगले उखाडिएका पर्वतहरू आकाशबाट झर्न थाले । यसरी रिसले स्वाँ-स्वाँ गर्दै आइलागेको महादैत्यलाई देखी देवी चण्डिकाले त्यसको वधको लागि क्रोध गरिन् । तिनले पाश फ्यांकेर त्यसलाई बाँधिन् । त्यो महिष राँगाको रूप त्यागी तत्काल सिंहको रूप धारण गर्न पुग्यो । देवी अम्बिकाले त्यसको टाउको के काटेकी थिईं खड्ग हातमा लिएर पुरुष-को रूपमा त्यो प्रकट भयो । तब देवीले खड्ग र ढालका साथ त्यसलाई पनि वाणले छिन्नविच्छिन्न पारिन् । त्यसपछि त्यसले हात्तीको रूप लियो र सूँडले महासिंहलाई घिसार्दै गर्जन थाल्यो । देवीले खड्ग प्रहार गरी सूँड काटिदिइन् । त्यसपछि त्यो महासुर फेरि राँगोको रूपमा आइपुग्यो र चराचरसहित तीनै लोकलाई हल्लाउन थाल्यो । त्यसपछि जगन्माता चण्डिकाले रिसले चूर भई वारंवार उत्तम-मधुपान गरिन् र राता-राता आँखा पार्दै हाँस्न थालिन् । बलवीर्यले अत्यन्त मात्तिएको असुर पनि गर्ज्यो र देवी चण्डिकातिर सिङले पर्वतहरू उठाई-उठाईकन फाल्न थाल्यो । तिनले ती पर्वतहरूलाई वाणै-वाणले धूलोपीठो पारिदिइन् । मदले गर्दा शब्द लरबराएकी देवीले लाल-लाल मुख पार्दै त्यस महिष दैत्यलाई भनिन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'मूर्ख ! गर्ज, मैले मधुपान गरुन्जेल गर्ज । मैले तँलाई मारिसकेपछि यहीं तुरुन्तै देवताहरू गर्जनेछन् ।'

'ऋषिले भने– 'यसो भनी तिनी उफ्रेर त्यस महासुरलाई चढ्न पुगिन् र गोडाले घाँटी अँठ्याएर त्यसलाई शूलले आघात गरिन् । त्यसपछि त्यो महिष दैत्य राँगो रूपको मुखबाट आधा के निस्केको थियो देवीले बलैले रोकिदिइन् । आधा निस्केकै अवस्थामा लडिरहेको त्यस महादैत्यको टाउको ठूलो तरबारले काटेर मारिन् । सारा दैत्यसैन्य हाहाकार गर्दै नष्ट भए, सकल देवता खुशी भए । देवताहरूदेवर्षिहरूका साथ देवीको स्तुति गर्न लागे, गन्धर्वराजहरू गाउन लागे, अप्सराहरू नाच्न लागे ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

इन्द्रादिद्वारा देवीको स्तुति

'ऋषिले भने– 'देवीद्वारा महाबली महिषासुर र उसका सैन्य पनि सखाप भएपछि हर्षले रोमाञ्चित भएका सुन्दरदेह इन्द्रादि देवता भगवतीका सम्मुख उभिएर हात जोडी नम्र भएर स्तुति गर्न लागे– 'सम्पूर्ण देवताका शक्तिस्वरूपा, आफ्नो शक्तिद्वारा सम्पूर्ण जगत्-लाई व्याप्त गरेर बसेकी, समस्त देवताहरू र महर्षि-हरूद्वारा पूजित जगज्जननीलाई हामी भक्तिपूर्वक प्रणाम गर्छौं। उनी हामीलाई कल्याण गरुन्। ब्रह्मा, विष्णु र महेश्वर पनि जसको अतुल महिमाको वर्णन गर्न समर्थ छैनन् ती देवी सम्पूर्ण जगत्को पालन एवं अमङ्गलकारी भयको विनाश गर्ने मनसाय राखुन्। हे देवी ! पुण्यात्मा-हरूको घरमा लक्ष्मी रूपले, पापीहरूको घरमा अलक्ष्मी (दरिद्रता) को रूपमा, विवेकीको मनमा बुद्धिरूपले, सज्जनमा श्रद्धारूपले र कुलीन जनमा लज्जारूपले स्थित तिमीलाई प्रणाम गर्छौं। विश्वको परिपालन गर। तिम्रो स्वरूप, पराक्रम तथा दैत्यसंहारकारी ठूलो पराक्रम, संग्राम-हरूमा देवता र दैत्यहरूको बीचमा देखिएका अद्भुत चरितहरूको के बयान गरूँ ! तिमी समस्त जगत्को उत्पत्तिको कारण, सत्त्व, रज र तम तीनै गुणले युक्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपार, निर्विकार, ब्रह्मा, विष्णु र महेश्वर आदि देवताहरू-द्वारा समेत अज्ञेय, सबैका आश्रय, सम्पूर्ण जगत्को अंशस्व-रूप र आदि मूल प्रकृति पनि हौ ।

'तिमीं यज्ञमा देवी–देवता आदिको तृप्तिको लागि स्वाहा र पितृकार्यमा पितृहरूको तृप्तिको लागि स्वधाको रूपमा उच्चारण गरिन्छौ । हे देवी ! तिमी नै मुक्तिका मूल कारण र अचिन्त्य-व्रतयुक्त भगवती हौ । मोक्ष प्राप्त गर्न चाहने ऋषिहरू आफ्ना इन्द्रियहरूलाई वशमा राखी समस्त दोष पन्छाएर मात्र तिम्रो ध्यान गर्दछन् । तिमी परमा विद्या हौ । सम्पूर्ण जगत्को घोर पीडा नास्ने देवी भगवती तिमी शब्दस्वरूपा, मलरहित-अतिस्वच्छ, ऋक्, यजु आदि वेद र प्रणवयुक्त रमणीय पद-पाठयुक्त साम-वेदीय ऋचा आदिको आधारस्वरूप, तीन वेदरूप र संसार-को जीवनरक्षाको लागि कृषिकर्म आदि जीविकास्वरूप हौ । हे देवी ! तिमी मेधा (बुद्धि) हौ, अनि सम्पूर्ण शास्त्रको सारस्वरूप हौ । दुर्गम भवसागरबाट पार लगाउने नौका-स्वरूप दुर्गा हौ । तिमी सङ्गरहित छौ । भगवान् विष्णुको हृदयमा वास गर्ने लक्ष्मी र भगवान् शिवद्वारा शक्तिरूपमा प्रतिष्ठित गौरी तिमी नै हौ । मन्द मुस्कानले युक्त, पूर्ण-चन्द्रमण्डल जस्तो र सुनको जस्तो उत्तम आभाले गर्दा प्रिय लाग्ने र विकाररहित तिम्रो मुख देखेर पनि महिषासुरले सहसा रिसले तिमीमाथि प्रहार गऱ्यो, यो आश्चर्यको कुरा हो । रिसले चूर हुँदा उदाउन लागेका चन्द्रमाजस्तै रातो भई तन्किएका तेढा आँखीभौंले गर्दा भयङ्कर देखिएको तिम्रो मुख देख्दा पनि महिषासुरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राण तुरुन्त निस्केन, यो झन् आश्चर्यको कुरा हो। रिसाएका यमराजलाई देख्दा पनि को जीवित रहन सक्छ ? हे देवी ! तिमी प्रसन्न होऊ। परमात्मस्वरूप तिमी प्रसन्न हुँदा संसारको अस्तित्व कायम रहन्छ भने तिमी रिसाएपछि तत्काल कैयौँ कुलहरूको विनाश गर्छौ। यो कुरा अहिल्यै थाहा भयो, किन भने तिमीले महिषासुरको यो विशाल सेना छिनभरमै नाश गर्‍यौ। तिमी जसमाथि प्रसन्न हुन्छ्यौ तिनीहरु मुलुकमा सम्मानित हुन्छन्, धन र यश पनि तिनैका हुन्छन्, तिनका बन्धुहरू दुःख पाउँदैनन्। विनम्र स्त्री, पुत्र तथा नोकर-चाकरले युक्त तिनीहरू धन्य हुन्छन्। प्रसन्न हुँदा तिमी सधैं अभ्युदय दिन्छ्यौ। हे देवी ! तिम्रो कृपाले पुण्यात्माहरू सधैँ सम्पूर्ण धर्मकार्य गर्छन् र त्यसैको प्रभावले स्वर्गमा पुग्छन्। हे देवी ! त्यसैले निश्चय पनि तीनै लोकमा इच्छानुकूल फल दिने तिमी नै हौ। हे देवी दुर्गा ! सम्झँदा तिमी सबै प्राणीहरूको डर हर्छौ, स्वस्थ पुरुषहरूद्वारा सम्झँदा अति नै असल बुद्धि दिन्छौ। दरिद्रता, दुःख र डर हर्ने हे देवी ! सबैको उपकार गर्न सधैँ हृदय पग्लेकी तिमी जस्ती अरू को होलान् ! हे देवी ! यी राक्षसहरूलाई मार्नाले संसारलाई सुख मिल्छ, यी राक्षसहरू धेरै कालसम्म नरकवास गर्न पापमाथि पाप नै किन न गरुन्, संग्राममा मरेर यिनीहरू स्वर्गमा पुगुन् भन्ने विचार गरेर नै यी अकल्याणकारीहरूलाई मार्छौ। तिमी सारा दैत्यहरूलाई दृष्टिपातमात्रले किन भस्म पार्दैनौ ? ती शत्रुहरूमाथि तिमी हात–हतियारले प्रहार गर्छौ। निश्चय पनि 'मेरा हतियारले पवित्र भई शत्रुहरू पनि उत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकहरूमा जाउन्' भन्ने उत्तम मनसाय तिमीले ती अकल्याणकारी शत्रुहरूका लागि पनि लिएका छौ। तपाईंको तेजिलो खड्ग र त्रिशूलको चमकले पनि दैत्यहरूका आँखा फुटेनन्। तेजिलो चन्द्रकला जस्तो मनोहर तिम्रो अनुहार हेर्नेहरूलाई यस्तो हुन्छ नै। हे देवी! तिम्रो शील दुराचारीहरूको दुराचार नाश गर्ने र रूप अरूसँग दाँज्नै नमिल्ने गरी अचिन्तनीय, बल देवताहरूको पराक्रम हर्ने असुरहरूलाई समेत नास्ने खालको छ। अतः तिमीले वैरीहरूउपर पनि दया नै गरेकी छौ भन्नुपर्छ। हे वर दिने देवी! तिम्रो पराक्रमको तुलना कोसित गर्न सकिन्छ? शत्रुलाई भय दिने तथा अति मनोहर रूप तिमीमा बाहेक अन्त कहाँ पाउनु? मनमा दया र लडाइँको निष्ठुरता यी दुवै कुरा तीन लोकमा तिमीमै मात्र देखिएको छ। तिमीले शत्रुहरूको नाश गरी तीनै लोकको रक्षा गरेकी छौ। तिनलाई पनि लडाइँमा मारेर स्वर्गलोक दिएकी छौ। मात्तिएका दैत्यहरूबाट हामीलाई हुने डर पनि हटाइदिएकी छौ। तिमीलाई हाम्रो नमस्कार छ। हे देवी! हामीलाई शूलद्वारा रक्षा गर। हे माता! हामीलाई खड्गद्वारा रक्षा गर। हामीलाई घण्टाको स्वर र धनुको ताँदोको टङ्कारद्वारा रक्षा गर। हे चण्डिका! हामीलाई आफ्नो शूल घुमाई पूर्व पश्चिम दक्षिण उत्तरमा पनि रक्षा गर। तीन लोकमा जति पनि राम्रा तथा डरलाग्दा तिम्रा रूपहरू विचरण गर्छन् तिनीहरूद्वारा हामीलाई र भूलोकलाई नै रक्षा गर। तिम्रा हातमा रहेका खड्ग, शूल, गदा आदि अस्त्रहरूद्वारा हामीलाई सबैतिरबाट रक्षा गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ऋषिले भने– 'यसरी देवताहरूले जगद्धात्री देवीको स्तुति गरे, साथै नन्दनवन (इन्द्रको बगैंचा) का फूलले पूजा गरे, सुगन्धित चन्दन लगाइदिए, दिव्य धूप बाले। तब प्रणाम गर्न लागेका देवताहरुलाई देवीले भनिन्- 'हे देवताहरू ! तिमीहरू सबैं मबाट इच्छामाफिकको वर माग।'

'देवताहरूले भने– 'भगवतीले सबै इच्छा पूरा गरिदिएकी छ्, अब कुनै पनि इच्छा बाँकी छैन। हाम्रो शत्रु यो महिष दैत्य पनि मारिइसकेको छ। तैपनि हामीलाई वर दिन चाहन्छौ भने हे महेश्वरी ! हाम्रो प्रार्थना छ– स्मरणमात्रमैं हाम्रा ठूला-ठूला आपत्तिहरूको विनाश गर। कलङ्करहित सफा मुख भएकी हे अम्बिका ! जुन मानिस यो स्तोत्रद्वारा तिम्रो स्तुति गर्नेछ त्यसको धनधान्य, समृद्धि, ऐश्वर्य, स्त्री आदि सम्पत्तिको निरन्तर बढिबढाउको निम्ति तिमी हामी उपर सधैं प्रसन्न होऊ।'

'ऋषिले भने– 'राजन् ! यस प्रकार भगवती भद्रकाली तथास्तु भनेर अन्तर्धान भइन्। भूपाल ! यसरी पूर्व कालमा देवताहरूका शरीरबाट प्रकट भएका देवीका कथा कहें। पुनश्च देवताहरूलाई उपकार गर्ने ती देवी शुम्भ र निशुम्भ नामका दुष्ट दैत्यहरूलाई मार्न तथा समस्त लोकको रक्षा गर्न गौरीदेवीको शरीरबाट जसरी प्रकट हुनुभयो, त्यसको यथार्थ म तिमीलाई भन्छु, सुन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(महासरस्वतीप्रीत्यर्थ)

पाँचौं अध्याय

देवताहरूद्वारा देवीको स्तुति, देवी समक्ष शुम्भद्वारा दूतप्रेषण

'ऋषिले भने– 'उहिले शुम्भ र निशुम्भ नामका दुई भाइ दैत्य अत्यन्त पराक्रमी र बलवान् भए । यिनीहरूले इन्द्रबाट स्वर्ग, मर्त्य र पातालका साथ यज्ञको भागसमेत हरण गरे । तिनीहरू आफै सूर्य, चन्द्र, कुवेर, यम, वरुण, वायु र अग्निका काम गर्न थाले । यसरी स्वर्गबाट निकालिएका ती राज्यभ्रष्ट देवताहरू अपराजिता देवीको स्मरण गर्न लागे । भगवतीले हामीलाई वर दिएकी थिइन् । आपत्-विपत् परिआउँदा मेरो स्मरण गर्नू, तत्काल तपाईंहरूका ठूला आपत्तिको विनाश गरिदिन्छु । देवीको यस वचनको स्मरण गरी देवताहरू हिमालय पर्वतमा पुगेर विष्णुमाया भगवतीको स्तुति गर्न लागे–

'देवी, महादेवी, शिवा, भद्रा, रौद्रा, नित्या, गौरी, धात्री, ज्योत्स्ना, इन्दुरूपिणी, सुखा, कल्याणी, प्रणाम गर्नेहरूको बढिबढाउ गर्ने, सिद्धि, नैर्ऋति, राजाहरूकी लक्ष्मी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शर्वाणी, दुर्गा, दुर्गपारा, सारा, सर्वकारिणी, ख्याति, कृष्णा, धूम्रा, अति सौम्य तथा डरलाग्दी, जगत्को प्रतिष्ठा गर्ने देवी, प्राणिमात्रमा विष्णुमायाको रूपमा कहलिएकी, अनि प्राणिमात्रमा चेतना, बुद्धि, निद्रा, भोक, छाया, शक्ति, तिर्सना, क्षान्ति (क्षमा), जाति, लज्जा, शान्ति, श्रद्धा, कान्ति, लक्ष्मी, वृत्ति, स्मृति, दया, तुष्टि, माता एवं भ्रान्तिरूपमा रहेकी देवीलाई निरन्तर वारंवार नमस्कार छ। समस्त प्राणीहरूमा इन्द्रियहरूको अधिष्ठात्री भएर रहेको तथा जीवमात्रमा व्याप्त रहेकी देवीलाई निरन्तर नमस्कार छ। चैतन्यरूपले समस्त जगत्मा व्याप्त रहेकी देवीलाई वारंवार नमस्कार छ। उहिले आफ्नो अभीष्ट सिद्धिका लागि देवताहरूले स्तुति गरिएकी तथा देवराज (इन्द्र) द्वारा दिनहुँ सेवा गरिएकी, कल्याणरूपा देवी हाम्रो भलाइ र मङ्गल गरुन्, हाम्रा आपत्तिहरूको नाश गरुन्। अहिले सेवी गर्ने दैत्यहरूद्वारा सताइएका हामी देवताहरूद्वारा नमस्कार गरिएकी तथा भक्तिले विनम्र भई स्मरण गर्नेहरूका सबै आपत्तिको विनाश गर्ने देवी हाम्रा सङ्कटहरूको नाश विनाश गरुन्।

'ऋषिले भने– 'हे राजन्! देवताहरूले यसरी स्तुति गरिरहँदा त्यहाँ गङ्गाजीको जलमा स्नान गर्न पार्वती आउनुभयो। शुभ आँखीभौं भएकी ती देवीले ती देवताहरूलाई भने– 'तपाईंहरू कसको स्तुति गर्दै हुनुहुन्छ?' उनको शरीरकोशबाट प्रकट भएकी शिवाले भनिन्– 'शुम्भ र निशुम्भ दैत्यद्वारा हराएर हटाइएका यी समस्त देवताहरू मेरो स्तुति गर्दै छन्। पार्वतीको शरीरकोशबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्केको यी अम्बिका 'कौशिकी' नामले समस्त लोकमा कहलिएको छ। तिनी निस्केपछि पार्वतीको शरीर कालो भयो। त्यस कारण उनी हिमालयमा रहने कालिकादेवी नामले प्रसिद्ध भइन्।

'त्यसपछि अति सुन्दर रूप धारण गरेकी अम्बिकालाई शुम्भ र निशुम्भका नोकर चण्ड र मुण्डले देखे। तिनीहरूले शुम्भलाई भने– 'हे महाराज ! हिमालयलाई नै उज्यालो पारिरहेकी कुनै अति सुन्दरी स्त्रीलाई हामीले देख्यौं। कसैले पनि त्यति राम्रो रूप देखेको हुओइन। असुरेश्वर ! यी देवी को हुन् पत्ता लगाई ग्रहण गर्नुहोस्। सुन्दर अङ्ग भएकी ती स्त्रीरत्न आफनो कान्तिले दशै दिशा उज्यालो पारेर बसेकी छ। हे दैत्येन्द्र ! तिनलाई तपाईंले हेर्नैपर्छ। हे मालिक ! तीन लोकमा जे-जति मणि, रत्न, हात्ती, घोडा आदि छन् ती सबै तपाईंको घरमा शोभा दिइरहेछन्। इन्द्रबाट ऐरावत हात्ती, पारिजात रूख र उच्चैःश्रवा घोडा ल्याउनुभयो। ब्रह्माको हाँस भएको अद्भुत बिमानरत्न अहिले तपाईंको पटाङ्गिनीमा रहेको छ। कुबेरबाट खोसेर ल्याउनुभएको महापद्म निधि (खानी), समुद्रले दिएको कहिल्यै नओइलाउने कमलको किञ्जल्किनी माला, वरुणको सुन निकालिरहने छत्र, प्रजापतिको श्रेष्ठ रथ र मृत्युको उत्क्रान्तिदा नामको शक्ति तपाईंले नै ल्याउनुभएको हो। वरुणको पाश र समुद्रका समस्त रत्न तपाईंका भाइ निशुम्भको अधिकारमा छन्। अग्निले तपाईं-लाई आगोले चोखिने दुई वस्त्र चढाएका थिए। यसरी समस्त रत्न तपाईंले ल्याउनुभएको छ। स्त्रीहरूमा रत्न-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपा यी कल्याणीलाई मात्र तपाईंले किन नल्याउने ?'

'ऋषिले भने– 'चण्ड र मुण्डका यी वचन सुनी दूत महादैत्य सुग्रीवलाई देवीकहाँ पठाए। भन्नुपर्ने कुरा भनी अह्राए– 'जसो गर्दा उनी खुशीसाथ आउँलिन् त्यसो गर्नू।' त्यसैले अति मनोहर पर्वतस्थलमा पुगी देवीलाई मधुर र कोमल भाषामा देवीलाई भने।

'दूतले भने– 'हे देवी ! तीन लोकमा सबभन्दा ठूला ईश्वर दैत्यराज शुम्भ हुनुहुन्छ। उहाँकै दूत भई तपाईं-कहाँ आएको छु। सकल देवयोनिहरूमा उहाँको हुकुम चल्छ। सबै देवताहरूलाई उहाँले जितिसक्नुभएको छ। उहाँले भन्नुभएको कुरा सुन्नुहोस्– 'तीनै लोक मेरा हुन्। देवता-हरू मेरो अधीनका अनुचर हुन्। सम्पूर्ण यज्ञका भागहरू म नै अलग-अलग उपभोग गर्छु। तीनै लोकका असल रत्नहरू सम्पूर्णतः मेरै अधीनमा छन्। हात्तीहरूमा श्रेष्ठ गजरत्न ऐरावत हात्ती मैले देवराज इन्द्रबाट हरण गरी लिइसकेको छु। क्षीरसागरको मथन गर्दा निस्केको अश्व-रत्न उच्चैःश्रवा हात्ती देवताहरूले मलाई प्रणामपूर्वक चढाइसकेका छन्। यिनका अतिरिक्त देवता, गन्धर्व र नागहरूसंग जे-जति रत्नस्वरूप पदार्थ छन् ती सबै मेरै अधीनमा छन्। हे देवी ! हामी तिमीलाई संसारका स्त्रीहरूमा रत्न मान्दछौं, अतः हामीकहाँ आऊ, किनभने रत्नको उपभोग गर्ने हामी नै हौं।'

'ऋषिले भने– 'दूतले यस्तो भनेपछि यस जगत्लाई धारण गर्ने कल्याणमयी भगवती दुर्गादेवीले गम्भीरतासाथ मनमनै हाँसेर यसो भनिन्। देवीले भनिन्– 'दूत !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीले साँचो भन्यौ, यसमा कत्ति पनि झूट छैन । त्रैलोक्याधिपति शुम्भ र निशुम्भ पनि त्यस्तै छन् । तर मैले जसले मलाई संग्राममा जित्नेछ र मेरो घमन्ड चूर गर्नेछ, अनि जो बलमा मेरो प्रतिद्वन्द्वी हुनेछ उही मेरो लोग्ने हुनेछ भनी मूर्खतावश प्रतिज्ञा गरिसकेकी छु । त्यसलाई कसरी झूटो तुल्याउने ? त्यसकारण शुम्भ अथवा निशुम्भ आफैं यहाँ आउन् र मलाई जितेर छिटै मलाई बिहे गरुन् । यसमा ढिलो किन गर्ने ?'

'दूतले भने– 'देवी ! तिमी घमन्डी रहेछौ । मेरो अगाडि त्यसो नभन । तीनै लोकमा शुम्भ र निशुम्भको अगाडि टिक्न सक्ने मर्द को छ ? देवताहरू अरू दैत्यहरूकै अगाडि पनि टिक्न सक्दैनन् भने तिमी एक्ली स्त्री कसरी शुम्भ र निशुम्भको अगाडि टिक्न सक्छौ ? जुन शुम्भ आदि दैत्यहरूसमक्ष इन्द्र आदि देवताहरूसमेत टिक्न सकेनन् उनीहरूसमक्ष तिमीजस्ती स्वास्नीमान्छे कसरी जान सक्छचौ ? त्यसैले मैले भनेको मानी शुम्भ र निशुम्भ छेउ जाऊ । नत्र चुल्ठचाएर लग्नेछु र तिम्रो प्रतिष्ठा पनि रहनेछैन ।'

'देवीले भनिन्– 'शुम्भ र निशुम्भ दुवै अति बलवान् छन्, तिम्रो यो भनाइ ठीक छ । तर के गर्नु विचारै नगरीकन पहिले प्रतिज्ञा गरिसकियो । त्यसकारण तिमी मैले आदरसाथ जे भनें ती सबै दैत्यराजलाई भन । त्यसपछि उनी जे गर्न चाहन्छन् गरुन् ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं अध्याय

धूम्रलोचनको वध

'ऋषिले भने– 'देवीका यी वचन सुनेर रिसले चूर भएको त्यस दूतले दैत्यराजकहाँ पुगेर विस्तारसाथ सबै कुरा बतायो । त्यस दूतको कुरा सुनी दैत्यराजले रिसाएर दैत्यसेनापति धूम्रलोचनलाई भन्यो– 'धूम्रलोचन ! तिमी तुरुन्त आफ्नो सैन्यसाथ गई त्यस दुष्टालाई जबरजस्ती-साथ चुलठ्याएर ल्याऊ । त्यसको रक्षा गर्न कोई खडा छ भने देवता, यक्ष, गन्धर्व जोसुकै भए पनि त्यसलाई मार ।'

'ऋषिले भने– 'उसले त्यसरी खटाइएको त्यो धूम्र-लोचन दैत्य साठी हजार दैत्यहरूसहित तुरुन्तै हिंड्यो । अनि त्यसले हिमालयमा रहेकी ती देवीलाई देखेर उच्च स्वरले भन्यो– 'शुम्भ-निशुम्भछेउ हिंड । प्रसन्नतापूर्वक तिमी मेरो मालिकछेउ पुग्दैनौ भने तिमीलाई जबरजस्तीसित चुलठ्याएर लग्नेछु ।'

'देवीले भनिन्– 'दैत्यहरूका राजाद्वारा पठाइएका तिमी बलवान् छौ र सैन्यसहित छौ । तिमी जबरजस्ती-सित लग्छौ भने म के गर्न सक्छु र ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ऋषिले भने– 'देवीले यसो भनेको सुनी दैत्य धूम्र-लोचन देवीतिर जाइलाग्यो । तब देवी अम्बिकाले हुङ्कार-मात्रले त्यसलाई भस्म गरिदिइन् । त्यसपछि रिसाएका दैत्यहरूको विशाल सेनामाथि तीखा–तीखा वाण, शक्ति र बन्चरा बर्साउन थालिन् । तदनन्तर देवीको वाहन सिंह रिसले जगर फट्कादैं अति भयानक गर्जना गरी दैत्य-सेनामाथि जाइलाग्यो । त्यसले कसैलाई पन्जाको प्रहारले, कसैलाई टोकेर, कसैलाई ओंठबाहिर निस्केको दाह्राले काटेर-घोचेर दैत्यहरूलाई धराशायी पार्न थाल्यो । सिंहले कसैको पेट नंग्राले चिर्‍यो, कसैको शिर पन्जाको झापट दिई छुट्याइदियो । कतिलाई हात र शिर छिनालेर मार्‍यो । कतिको पेट फाडेर जगर फट्कादैं रगत पिउन थाल्यो । रिसले चूर भएको, देवीको वाहन महाबली सिंहले छिनभरमै दैत्यहरूको सारा फौंज सखाप पारिदियो ।

'देवीद्वारा धूम्रलोचन दैत्य मारिएको र देवीको बाहन सिंहले सारा फौज सखाप पारेको सुनेर दैत्यराज ओंठै फरफराउने गरी रिसायो । त्यसपछि महादैत्य चण्ड र मुण्डलाई हुकुम दियो– 'हे चण्ड ! हे मुण्ड ! तिमीहरू धेरै सेनाले घेरिएर त्यहाँ गइहाल र तुरुन्तै चुल्ठो समातेर बा बाँधेर त्यसलाई यहाँ ल्याऊ । यदि यसो गर्न नसकिने शङ्का तिमीलाई छ भने त्यससलाई सबै दैत्यहरूले सबै अस्त्र-को प्रहार गरी मार । त्यो दुष्टा र सिंह मारिएपछि त्यो अम्बिकालाई तुरुन्तै बाँधेर साथमा लिई आऊ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्याय

चण्ड र मुण्डको वध

'ऋषिले भने– 'त्यसपछि हुकुम पाएका दैत्यहरू चण्ड र मुण्डलाई अघि लगाई चतुरङ्गिणी सेनाका साथ हात–हतियार लिई हिंडे । त्यसपछि तिनीहरूले पर्वतराज हिमालयको सुनको अग्लो टाकुरामा सिंहमाथि बसी स्वस्थ रूपले मुसुमुसु हाँसिरहेकी देवीलाई देखे । तिनीहरू तिनलाई देखी कम्मर कसेर पक्रने उद्योग गर्न थाले । कोही चाहिं धनु र तरवार उठाएर तिनको नजीक पुगे । तब अम्बिकाले ती शत्रुहरूप्रति ठूलो रिस गरिन् । रिसले गर्दा तिनको मुख कालो भयो; आँखीभौं टेढिएको तिनको निधारको पाताबाट खड्ग र पाश लिएकी भयङ्कर मुख भएकी काली निस्किन् । बिचित्र खट्वाङ्ग धारण गरेकी, नरमुण्डको माला लाएकी, चितुवाको चर्म लाएकी, मासु सुकेको, अति डरलाग्दो, अति ठूलो मुख भएकी, जिब्रो लपलपाउनाले भयङ्कर देखिएकी, धसिएका राता राता आँखा भएकी तिनी भयङ्कर गर्जनाले दश दिशा थर्काएर महादैत्यहरूलाई मार्दै वेगले जाइलागिन् । युद्धमा दैत्यहरूका सैनिकहरूलाई खान थालिन् । पार्श्वरक्षक, अंकुश लिएका माहुते, लडाका र घण्टा समेत हात्तीहरूलाई एउटै हातले उचालेर मुखमा हाल्न थालिन् । त्यसरी नै घोडा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू, रथ र सारथिसहित योद्धालाई मुखमा हाली अति डरलाग्दो किसिमले दाँतहरूले करयामकुरम चपाउन थालिन्। एउटालाई जुल्फीमा समातिन् भने अर्कोलाई घाँटी अँठयाइन्। कसैलाई गोडाले कुल्चेर कसैलाई छातीले धक्का दिएर मार्न थालिन्। ती दैत्यहरूद्वारा छाडिएका ठूला अस्त्रहरू पनि तिनी मुखले टिपी रिसले चपाउँथिन्। महाबली दुरात्मा दैत्यहरूको त्यो सैन्य कसैलाई कुटी, कसैलाई खाएर तितरबितर पारिन्। कोही तरवारले काटिए, कोही खट्वाङ्गले चुटिए, त्यसरी नै दाँतको टुप्पाले घोचिएर पनि दैत्यहरू माटो खान पुगे। छिनभरमै असुरहरूको त्यो सैन्य धराशायी भयो। त्यो देखी चण्ड ती अतिभीषण कालीतिर जाइलाग्यो। महादैत्य मुण्डले पनि भयानक आँखा भएकी देवीलाई अति भयङ्कर वाणवर्षा र सहस्रौं चक्रको प्रहारले ढाकिदियो। ती चक्रहरू देवीको मुखमा पस्दा असंख्य सूर्यहरू बादलभित्र पस्न लागेका जस्ता देखिए। भयानक मुखभित्र हेर्नै नसकिने गरी चम्केका दाँतहरू देखिने गरी काली भयङ्कर गैजन गर्दै डरलाग्दो किसिमले अट्टहास गर्न थालिन्। महाखड्ग उठाई 'हं' उच्चारण गर्दै देवी चण्डतिर दौडिन्। त्यसको जुल्फी पक्रेर त्यसै खड्गले उसको टाउको काटिन्।

'त्यसपछि चण्ड ढलेको देखी मुण्ड तिनीतिर हानियो। त्यसलाई रिसले खड्ग–प्रहार गरी भूमिमा लडाइन्।

'त्यसपछि महावीर चण्ड र मुण्ड मारिएको देखी बचेको सैन्य डरले आत्तिएर चारै दिशातिर भाग्न थाले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'त्यसपछि कालीले चण्ड र मुण्डका टाउका लिई भयङ्कर अट्टहास गर्दै देवी चण्डिकाकहाँ पुगेर भनिन्– 'मैले महापशु चण्ड र मुण्ड तिमीलाई ल्याइदिएँ। अब शुम्भ र निशुम्भको वध युद्धयज्ञमा तिमी आफैं गर्नू।'

'ऋषिले भने– 'त्यहाँ ल्याइएका ती चण्ड र मुण्ड नामक महादैत्यहरूलाई देखी कल्याणमयी चण्डिकाले कालीलाई मीठो बोलीमा भनिन्– 'हे देवी ! तिमी चण्ड र मुण्डलाई लिई आयौ, त्यसकारण तिमी संसारमा चामुण्डा भन्ने नामले प्रसिद्ध हुनेछौ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठौं अध्याय

रक्तबीज–बध

'ऋषिले भने– 'दैत्य चण्ड र मुण्ड मारिई धेरै सैन्यको विनाश पनि भइसकेपछि प्रतापी दैत्यराज शुम्भले रिसले चूर भएर दैत्यहरूको सम्पूर्ण सैन्यलाई कूच गर्न आज्ञा दियो। उसले भन्यो– 'आज रुदायुध नामका छयासी दैत्यहरू र कम्बु नामका चौरासी दैत्यहरू आफ्ना समस्त सैन्यका साथ प्रस्थान गरुन्। पचास कोटिवीर्य कुलका र सय धौम्रकुलका दैत्यहरू मेरा हुकुमले कूच गरुन्। कालक, दौर्हृद, मौर्य र कालकेय दैत्यहरू मेरा हुकुमले युद्धका लागि तैयार भई तुरन्त कूच गरुन्। यस्तो हुकुम दिई भयङ्कर शासन गर्ने असुरराज शुम्भ हजारौं ठूला–ठूला सैन्यका साथ निस्के। त्यो अति भयानक सैन्य आएको देखी देवी चण्डिकाले पृथ्वी र आकाशको मध्यभाग ताँदोको टङ्कारले भरिदिइन्।

'राजन्! त्यसपछि सिंह पनि ठूलो स्वरले गर्जन थाल्यो। देवी अम्बिकाले घण्टाको स्वरले त्यस स्वरलाई अझ बढाइदिइन्। धनुको टङ्कार, सिंहको गर्जन र घण्टाको स्वरले दिशाहरू गुंजन थाले। कालीले पनि मुख बाएर भयङ्कर आवाजहरूले तिनलाई जितिन्। त्यो तुमुल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्वनि सुनी दैत्यका फौजले देवी अम्बिका, सिंह र कालीलाई क्रोधपूर्वक चारैतिरबाट घेरे ।

'राजन् ! यसैबीच असुरहरूको विनाश र देवताहरूको कल्याणको लागि ब्रह्मा, शिव, कुमार, विष्णु र इन्द्रका अति प्रबल शक्तिहरू तिनीहरूका शरीरबाट निस्की तिनकै रूपमा चण्डिकासमक्ष पुगे । जुन देवताका जुन रूप, गहना र वाहन थिए, त्यस्तै रूपले ती शक्ति दैत्यहरूसित लड्न आए । हाँसले युक्त विमानको अग्रभागमा रुद्राक्षमाला र कमण्डलु धारण गरेकी, ब्रह्माकी शक्ति ब्रह्माणी आइपुगिन् । साँढेमा चढेकी, उत्तम त्रिशूल धारण गरेकी महानागको बाजू लाएकी माहेश्वरी पनि आइपुगिन् । हातमा शक्ति धारण गरेकी, उत्तम मयूरमा चढेकी, कार्तिकेयस्वरूपिणी अम्बिका कौमारी पनि युद्ध गर्न आइन् । त्यसरी नै गरुडमाथि रहेकी, हातमा शङ्ख, चक्र, गदा, शार्ङ्ग धनु र खड्ग धारण गरेकी शक्ति वैष्णवी पनि आइन् । यज्ञवाराहको अनुपम रूप धारण गरेकी नारायणकी शक्ति पनि वाराही रूप धारण गरी आइन् । नृसिंहको जस्तो शरीर धारण गरेकी नारसिंही पनि आइपुगिन् । तिनको जगल्टाको झट्काले आकाशका नक्षत्रताराहरू तितर-बितर भए । त्यसरी नै हातमा वज्र धारण गरेकी, ऐरावत हात्ती चढेकी, हजार आँखा भएकी ऐन्द्री (इन्द्राणी) पनि आइपुगिन् । इन्द्र जस्ता थिए उनी पनि त्यस्तै थिइन् ।

'त्यसपछि ती देवशक्तिहरूले घेरिएका शिवजीले देवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चण्डिकालाई भने– 'मेरो प्रसन्नताको लागि चाँडै दैत्यहरूलाई मार ।'

'तदनन्तर देवीको श्रीविग्रहबाट अति डरलाग्दो, सयौं स्याल कराएजस्तो आवाज निकाल्ने, अति उग्र शक्ति चण्डिकाको प्रादुर्भाव भयो । ती अपराजिता देवीले ध्वाँसे जटा भएका शिवजीलाई भनिन्– 'हे भगवान् ! तिमी दूतको रूपमा शुम्भ र निशुम्भछेउ जाऊ र ती अति घमन्डी दानव शुम्भ र निशुम्भका अतिरिक्त त्यहाँ लडाइँको लागि उपस्थित अरू दानवहरूलाई पनि भन्नुहोस्– 'इन्द्रले तीनै लोक पाउन्, देवताहरूले यज्ञभाग खान पाउन् । तिमीहरू बाँचिरहन चाहन्छौ भने पातालतिर भागिहाल । बलको घमन्डले गर्दा तिमीहरू युद्ध नै चाहन्छौ भने आओ मेरा स्यालहरू तिमीहरूको आलो मासुले तृप्त होउन् ।'

'ती देवीले स्वयं भगवान् शिवलाई दूत नियुक्त गरेकी हुँदा तदनन्तर उनी शिवदूती भनी यस लोकमा प्रसिद्ध भइन् ।

'ती रिसले चूर भएका महादैत्यहरू पनि शिवजीद्वारा भनिएका देवीका वचन सुनेर देवी कात्यायनी रहेको ठाउँमा गए । त्यसपछि रिसले चूर भएका ती देवशत्रुहरूले सर्वप्रथम ती देवीलाई वाण, शक्ति, ऋष्टि आदि अस्त्रहरू बर्साए । तब तिनले पनि खेल–खेलमै धनुको ताँदोमा चढाई ठूला-ठूला वाणले दैत्यहरूद्वारा प्रहार गरिएका वाण, शूल, शक्ति, बन्चरो आदिलाई काटिन् ।

'देवी काली पनि तिनको अगाडि रहेर शत्रुहरूलाई शूलले घोप्दै खट्वाङ्गले चुट्दै विचरण गर्न लागिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ब्रह्माणी पनि जता–जता धावा गर्थिन् उता-उतै शत्रुहरूलाई कमण्डलुको जल छर्की शत्रुहरूको पराक्रम र तेजको नाश गर्थिन् ।

'माहेश्वरीले त्रिशूल, वैष्णवीले चक्र र कौमारीले शक्ति प्रहार गरी अति क्रुद्ध भई शत्रुहरूलाई मारिन् ।

'इन्द्राणीको वज्रप्रहारले विदीर्ण भएका दैत्य र दानवहरू भलभलती रगत छाड्दै पृथ्वीमा ढले ।

'वाराहीको थुतुनाको प्रहारले मरेका, दाह्राको टुप्पाले छाती फाडिएका, अनि चक्रले चिरिएका दैत्यहरू पनि माटो खान पुगे ।

'नारसिंही पनि महादैत्यहरूलाई नङहरूले चिर्दै खाँदै आकाश र दिशा सिंहनादले थर्काएर लडाइँमा विचरण गर्न थालिन् ।

'शिवदूतीको चर्को अट्टहासले थर्कमान भएका असुरहरू माटोमा लोट्न थाले । अनि तिनीहरूलाई तिनले तत्काल खाइन् ।

'यसरी रिसले चूर भई महादैत्यहरूलाई अनेक उपायले मर्दन लागेका मातृगणलाई देखी दैत्यसैनिकहरू भागाभाग भए ।

'मातृगणद्वारा पीडित भई भाग्न लागेका दैत्यहरूलाई देखी महादैत्य रक्तबीज रिसाएर लड्न आइलाग्यो । जब उसको शरीरबाट रगतको थोपा जमीनमा झर्थ्यो तत्काल त्यस्तै असुरको उत्पत्ति हुन्थ्यो । ऊ गदा हातमा लिई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्राणीसँग लड्न थाल्यो । इन्द्राणीले पनि आफ्नो वज्रले रक्तबीजलाई प्रहार गरिन् । वज्रले प्रहार गरिएपछि उसको शरीरबाट धेरै रगत निस्क्यो । त्यसबाट त्यस्ता र त्यति नै पराक्रमी योद्धाहरू उत्पन्न हुन थाले । उसको शरीरबाट जति थोपा रगत खस्यो उति नै, त्यस्तै र त्यतिकै पराक्रमी पुरुषहरू उत्पन्न हुन थाले । रगतबाट प्रगट भएका ती पुरुषहरू पनि मातृगणसँग अति डरलाग्दा शस्त्रहरूको प्रहार गरी लड्न थाले । फेरि वज्रप्रहार गरिँदा उसको टाउकामा चोट लाग्यो । तत्काल रगत बग्न थाल्यो र त्यसबाट हजारौँ पुरुषहरू उत्पन्न भए ।

'लडाइँमा वैष्णवीले त्यसलाई चक्रले हानिन्, इन्द्राणीले त्यस दैत्यराजलाई गदाले प्रहार गरिन् । वैष्णवीको चक्रले घाइते भएको उसको रगतबाट त्यस्तै हजारौँ महादैत्यहरू उत्पन्न भई संसारै व्याप्त भयो ।

'महासुर रक्तबीजलाई कौमारीले शक्तिप्रहार गरिन्, वाराहीले पनि खड्गप्रहार गरिन्, माहेश्वरीले त्रिशूलप्रहार गरिन् । रिसले चूप भएको त्यो महासुर रक्तबीज दैत्यले पनि सबै मातृकाहरूलाई गदाले छुट्टाछुट्टै प्रहार गर्‍यो । शक्ति शूल आदिले अनेकबाट प्रहार गरिएको त्यसको रक्तको धारा जमीनमा झर्‍यो र त्यसबाट सयौँ असुरहरू उत्पन्न भए । दैत्यको रगतबाट उत्पन्न भएका ती दैत्यहरूले समस्त संसार भरियो । त्यसैले देवताहरू अत्यन्त डराए ।

'खिन्निक्क परेका ती देवताहरूलाई देखी चण्डिका-देवीले हतारिँदै कालीलाई छिटो भनिन्– 'चामुण्डे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुख बाऊ । मेरो हतियारको प्रहारले गर्दा निस्केका रक्तबिन्दुहरू र महादैत्यहरूलाई आफ्नो अति छरितो मुखले खाँदै लडाइँमा विचरण गर । यसरी यो दैत्य रगतको क्षय भई नष्ट हुनेछ । ती डरलाग्दा दैत्यहरूलाई खादै गर्नाले अरू दैत्य उत्पन्न हुनेछैनन् ।' यति भनी देवीले त्यसलाई तत्काल शूलले प्रहार गरिन् । देवी कालीले रक्तबीजको रगत मुखले ग्रहण गरिन् । त्यसपछि त्यहाँ त्यसले देवी चण्डिकालाई गदाले प्रहार गर्‍यो । गदाको प्रहारले तिनलाई रत्तीभर पनि पीडा दिएन । घाइते रक्तबीजको शरीरबाट भने धेरै रगत निस्क्यो । रक्तपातले गर्दा मुखमा उत्पन्न भएका महादैत्यहरूलाई देवी चामुण्डाले जहाँ उत्पन्न भयो त्यहीं मुखले सखाप पार्न थालिन् । तिनले तिनीहरूलाई खानुको साथै रक्तबीजको रगत पनि पिइन् ।

'यसरी चामुण्डाले रगत पिएपछि चण्डिकादेवीले त्यस रक्तबीजलाई शूल, वज्र, वाण, खड्ग, ऋष्टि आदिले प्रहार गरी मारिन् । राजन् ! थुप्रै हात–हतियारले हानिएको महासुर रक्तबीज रक्तहीन भई पृथ्वीतलमा लड्यो । राजन् ! अनि देवताहरू अपार हर्षमा प्राप्त भए । असुरहरूको रगतको मदले मातेर मातृगण नाच्न थाल्यो ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवौं अध्याय

निशुम्भवध

'राजाले भने- 'भगवन् ! यहाँले मलाई रक्तबीजवधको आडमा देवी–चरित्रको यो अद्‌भुत माहात्म्य बताउनुभयो । अब म रक्तबीज मारिएपछि अतिक्रोधी शुम्भ र निशुम्भले जुन कर्म गरे त्यो सुन्न चाहन्छु ।'

'ऋषिले भने – 'लडाइँमा रक्तबीज र अरू मारिएपछि शुम्भ र निशुम्भ अति रिसाए। ठूलो सैन्य मारिन लागेको देखेर रिसले चूर भई निशुम्भ असुरहरूको मुख्य सेनाका साथ धावा बोल्न पुग्यो । त्यसको अगाडि, पछाडि र अगलबगलमा पनि रिसले ओठ टोकिरहेका महादैत्यहरू थिए। तिनीहरू देवीलाई मार्न अघि बढे । महापराक्रमी शुम्भ पनि क्रोधले आफ्नो सैन्यले घेरिएर मातृकाहरूसित लडाइँ गरी चण्डिकादेवीलाई मार्न आइलाग्यो । त्यसपछि देवी र शुम्भ निशुम्भका बीच घोर युद्ध भयो । तिनीहरूले बादलले पानी झैं वाणहरू बर्साए। चण्डिकादेवीले पनि ती दुईका वाणहरूलाई आफ्ना वाणहरूको पर्राले काटिदिइन् । दुवै दैत्यराजका अङ्गहरू पनि बाणका पर्राले चुटिदिइन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'निशुम्भले धारिलो खड्ग र चम्किलो ढाल लिई चण्डिकादेवीको श्रेष्ठ वाहन सिंहलाई टाउकामा प्रहार गऱ्यो। वाहनलाई प्रहार गरेका देखी चण्डिकादेवीले निशुम्भका उत्तम खड्ग र आठ चन्द्रमा भएको ढाल क्षुरप्रनामक हतियारले तुरन्तै काटिदिइन्। खड्ग र ढाल काटिएपछि त्यस असुरले शक्तिप्रहार गऱ्यो। देवीले नजीक आइपुगेको, त्यसको त्यस शक्तिलाई चक्रले दुई टुक्रा पारिन्। त्यसपछि रिसले फूँफूँ गर्दै दानव निशुम्भले शूल लियो। शूल आउन लागेको देखी देवीले त्यो पनि मुड्कीले हानी चूर्ण पारिदिइन्। उसले पनि गदा घुमाएर चण्डिकादेवीतिर हान्यो। देवीको त्रिशूलले त्यो पनि फोरिएर भस्म भयो। त्यसपछि बन्चरो हातमा उठाई आइलागेको त्यस दैत्यश्रेष्ठ निशुम्भलाई चण्डिकादेवीले बाणको पर्राले हानी भुइँमा लडाइन्। महापराक्रमी भाइ निशुम्भ भुइँमा लडेपछि अति क्रुद्ध शुम्भ अम्बिकालाई मार्न जाइलाग्यो। रथमा रहेको त्यो दैत्य ठूला-ठूला हतियार लिएको आठवटा अतुलनीय ठूला हातले सम्पूर्ण आकाश ढाकेर शोभायमान भयो। त्यो आएको देखी देवीले शङ्ख बजाइन्, अनि धनुको ताँदोबाट सहि नसक्नु चर्को आवाज निकालिन्। आफ्नो घण्टाको आवाजले समस्त दिशा घन्काइन् र यसरी समस्त दैत्यहरू-को तेजोवध गरिन्।

'त्यसपछि सिंहले अत्यन्त मदमत्त हात्तीको सेखी झार्ने ठूलो गर्जनले पृथ्वी र दशै दिशा घन्कायो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'तदनन्तर कालीले आकाशमा उफ्रेर दुवै हातले पृथ्वीमा प्रहार गरिन् । त्यसको आवाजले पहिलेका सबै आवाज बिलायो । त्यसपछि शिवदूतीले दैत्यहरूको लागि अमङ्गलकारक अट्टाहास गरिन् । ती शब्दले असुरहरू तर्से, शुम्भ ज्यादै रिसायो ।

'अम्बिकाले 'दुरात्मा ! पर्खी, पर्खी !' भनी हाँक दिँदा आकाशस्थित देवताहरू 'जय होस् ! जय होस् !' भन्न थाले ।

'शुम्भले आएर अति डरलाग्दो ज्वालाले युक्त शक्ति प्रहार गऱ्यो । आगाको पर्वत जस्तो देखिने, आउन लागेको त्यो शक्ति ठूलो उल्काको प्रहार गरी हटाइयो ।

'शुम्भको सिंहनादले तीनै लोक घन्कियो । त्यस घन्काइले अरू आवाजलाई छोपेर जित्यो । शुम्भले छाडेको बाण देवीले र देवीले छाडेको बाण शुम्भले आफ्ना डरलाग्दा बाणहरूले सयकडौं टुक्रा हुने गरी काट्न थाले । त्यसपछि चण्डिकादेवीले रिसाएर त्यसलाई शूलले हानिन् । ऊ तत्काल मूर्छा परी जमीनमा ढल्यो । त्यसपछि होशमा आएर निशुम्भ धनु हातमा लिई बाणहरूले चण्डिकादेवी, काली र सिंहलाई प्रहार गर्न थाल्यो । फेरि दानवराज शुम्भ दश हजार हातको बन्यो । दानव शुम्भले चण्डिकादेवीलाई चक्रहरूले ढाकिदियो । त्यसपछि असह्य पीडा नाश गर्ने भगवती दुर्गाले रिसाएर आफ्ना बाणहरूले ती बाण र चक्रहरूलाई काटिदिइन् । त्यसपछि दैत्यसेनाले घेरिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निशुम्भ गदा लिई चण्डिकादेवीलाई मार्न वेगले दौडयो। आउँदा–आउँदै नै उसको गदा चण्डिकादेवीले धारिलो खड्गले तुरन्तै काटिदिइन्। उसले पनि शूल उठायो। देवताहरूलाई दुःख दिने निशुम्भ शूल हातमा लिई आउन लागेको देखी चण्डिकादेवीले जोडले हानिएको शूलले छातीमा बिँधिदिइन्। शूलले बिँधिएको छातीबाट अर्को महाबली, महापराक्रमी पुरुष 'पर्खेस्!' भनी हांक दिँदै निस्क्यो। निस्कन लागेको त्यस पुरुषको कुरा सुनेर देवीले ठूलो स्वरले हाँस्दै खड्गले त्यसको टाउको काटिन्। ऊ पनि भुइँमा ढल्यो।

'त्यसपछि सिंहले डरलाग्दो दाह्राले टाउको लुछ्दै खान थाल्यो। त्यसरी नै काली र शिवदूतीले पनि अरू दैत्यहरूलाई खान थालिन्। कैयौं महादैत्यहरू कौमारीको शक्तिले छिन्नभिन्न भई नष्ट भए। ब्रह्माणीको मन्त्रिएको जलले छर्किनाले अन्य असुरहरू भागभाग गर्न थाले। कतिपय दैत्यहरू माहेश्वरीको त्रिशूलले क्षत–विक्षत भई ढले। वाराहीको थुतुनाको प्रहारले कतिपय दैत्यहरू धूलो-पीठो भई माटोमा मिले। वैष्णवीको चक्रले दानवहरू टुक्रा-टुक्रा भए। इन्द्राणीको हातबाट छुटेको वज्रले पनि कैयौं असुरहरू मारिए। कतिपय असुरहरू नष्ट भए कोही मैदान छोडी भागे। कैयौं दानवहरू काली, शिवदूती र सिंहको भोजन बन्न पुगे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशौं अध्याय

शुम्भवध

'ऋषिले भने– 'प्राणसमान प्यारो भाइ निशुम्भ मारिएको र सेना पनि मारिन थालेको देखी शुम्भले रिसाएर भन्यो– 'दुष्ट दुर्गे ! बलको घमण्डले तँ व्यर्थको गर्व नगर । अरू स्त्रीहरूको बलको आड पाएर तँ अति घमण्डी भई लडिरहेकी छस् ।'

'देवीले भनिन्– 'ओ दुष्ट ! संसारमा एकमात्र म छु, म भन्दा भिन्न अरू को छ ? यी मेरैं विभूति हुन् । हेर यिनीहरू मभित्र पस्तै छन् ।' त्यसपछि ब्रह्माणी आदि समस्त देवीहरू ती देवीको शरीरमा पसे । तत्काल त्यहाँ अम्बिका मात्र बाँकी रहिन् ।

'देवीले भनिन्– 'म नै विभूतिको बलले धेरैं रूप लिई यहाँ रहकी थिएँ । ती सबलाई मैले आफूमा लीन गरिसकें । अब लडाइँमा एक्लै खडा छु । तँ पनि स्थिर भएस् ।'

ऋषिले भने– 'त्यसपछि समस्त देवता र दैत्यहरूले देख्दादेख्दै देवी र शुम्भ दुबैको बीचमा भयङ्कर युद्ध हुन थाल्यो । ती दुईको बीचमा पुनः बाणहरूको वर्षा, तीखा हतियारहरू र अति भयङ्कर अस्त्रहरूको प्रयोग गरी समस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकलाई तर्साउने खालको लडाइँ हुन थाल्यो। देवी अम्बिकाले सयकडौं दिव्यास्त्रको प्रहार गरिन्, तर दैत्य-राजले तिनको प्रतीकार गर्ने अस्त्रले तिनीहरूलाई टुक्रा-टुक्रा पारिदियो। त्यसरी नै उनीद्वारा छाडिएका दिव्य अस्त्रहरूलाई परमेश्वरीले हुङ्कारको उच्चारण आदिद्वारा खेलखेलमैं टुक्रा–टुक्रा पारिदिइन्। त्यसपछि त्यस असुरले सय वाणले देवीलाई ढाकिदियो। चण्डिकादेवीले पनि रिसाएर वाणहरुको प्रयोग गरी उसको धनु काटिदिइन्। धनु काटिएपछि दैत्यराजले शक्ति उठायो। चण्डिकादेवीले त्यसको हातमैं त्यो शक्ति काटिदिइन्। त्यसपछि त्यो दैत्य-हरूको राजाधिराज खड्ग र सय चन्द्रमा भएको ढाल लिई देवीतिर दौड्यो। त्यो आइलागेको देखी चण्डिकादेवीले खड्ग र सूर्य झैं चम्कने ढाल पनि धनुबाट छाडिएका तीखा वाणहरुले काटिदिइन्। उसका घोडा र सारथि पनि मारिए। धनु त पहिले नै काटिइसकेको थियो। त्यस वेला त्यस दैत्यले भयङ्कर मुद्गर उठायो र अम्बिकालाई मार्न सुरियो। देवीले त्यो आइलागेको देखी तीखा–तीखा वाणको प्रयोग गरी त्यसको मुद्गर काटिदिइन्। तैपनि त्यो मुट्ठी उजाएर बेगले देवीतिर दौड्यो। दैत्यश्रेष्ठले देवीको छातीमा मुड्कीले हान्यो। देवीले पनि उसको छातीमा चड्कन लगाइन्। त्यस चड्कनले गर्दा दैत्यराज भुइँमा ढल्यो, तर तुरन्तै फेरि उठ्यो। ऊ देवीलाई च्याप्प समाती धेरै माथि उफ्र्यो र आकाशमा अड्यो। त्यहाँ पनि चण्डिकादेवी विना आधार अडेर त्यससित लड्न लागिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'त्यस वेला पहिलो पटक चण्डिकादेवी र दैत्य आकाशमा परस्पर लडाइँ गर्न लागे। त्यो लडाइँ देखी सिद्ध र मुनिहरु आश्चर्य मान्न लागे। देवी अम्बिकाले त्यससित धेरै बेर युद्ध गरिसकेपछि त्यसलाई उठाएर घुमाइन् र पृथ्वीमा पछारिन्। पृथ्वीमा पछारिएपछि त्यस दुष्टात्माले मुट्ठी बजाएर चण्डिकादेवीलाई मार्ने इच्छाले वेग़साथ धावा बोल्यो। त्यसपछि समस्त दैत्यहरुको राजा आइलागेको देखी त्यसलाई शूलले छाती फोरेर पृथ्वीमा लडाइन्। देवीको शूलको टुप्पाले घाइते भएको त्यो दैत्य समुद्र, द्वीप र पर्वतसहित सम्पूर्ण पृथ्वीलाई कम्पायमान पार्दै प्राणहीन भएर पृथ्वीमा बज्रिन पुग्यो।

'त्यो दुरात्मा मारिएपछि सम्पूर्ण जगत् प्रसन्न र पूर्णरूपेण स्वस्थ भयो। आकाश पनि निर्मल भयो। पहिले देखिएका उत्पातसूचक बादल र उल्काहरू शान्त भए। दैत्य ढलेपछि नदीहरू पनि ठीक बाटोबाट बग्न थाले। त्यो दुरात्मा मारिनाले समस्त देवगणहरु प्रसन्न चित्त भए, गन्धर्वहरु पनि मीठा गीत गाउन थाले, अरू गन्धर्वहरु बाजा बजाउन लागे, अप्सराहरु नाच्न थाले, पवित्र वायु बहन थाले, सूर्यका किरण राम्रो उज्यालो दिन थाले, अग्निशालाका निभेका अग्नि बल्न थाले, दिशाहरुबाट सुनिने अमङ्गलसूचक आवाज शान्त भए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारौं अध्याय

देवीस्तुति तथा देवताहरूलाई वरदान

'ऋषिले भने– 'महादैत्यराजको बध देवीद्वारा भएपछि त्यहाँ अग्निलाई अघि लाएर इन्द्रसहित सबै देवताहरू मनलें चिताएको कुरा पुग्नाले उज्ज्वल भएको मुखकमलले दशै दिशा उज्यालो पार्दै ती देवीको स्तुति गर्न थालें– 'शरण पर्नेको दुःख हरण गर्ने हे देवी ! प्रसन्न होऊ। सम्पूर्ण संसारकी आमा ! प्रसन्न होऊ। हे विश्वेश्वरी ! संसारको रक्षा गर। तिमी चराचर जगत्‌की मालिक्‍नी हौ। तिमी जगत्‌को एकमात्र आधार हौ। किन भने तिमी पृथ्वीको रूपमा रहेकी छौ। हे अलङ्घनीय पराक्रमी देवी ! जलको रुपमा रहेकी तिमीबाट नै यो सम्पूर्ण जगत् तृप्त भएको छ। तिमी भेउ पाइ नसक्नु पराक्रमले युक्त वैष्णवी शक्ति हौ। तिमी विश्वकै बीजरूप महामाया हौ। हे देवी ! तिमीले यो समस्त जगत्‌लाई सम्मोहित पारेकी छौ. प्रसन्न भएमा तिमी यस पृथ्वीमा मुक्ति उपलब्ध गराउँछौ।

'हे देवी ! समस्त विद्या तिम्रै भेद हुन्। संसारका सबै स्त्रीहरु तिम्रै रूप हुन्। मातृरूपिणी तिमी एक्लैले यो जगत् व्याप्त छ। बाणीभन्दा पर र स्तुतियोग्य पदार्थभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर मानिएकी तिम्रो कुन स्तुति गरूँ ? हे देवी ! जब तिमी सर्वस्वरुप र स्वर्ग तथा मुक्ति प्रदान गर्ने भनी स्तुति गरिएका छौ, तब स्तुतिको लागि यसभन्दा राम्रो भनाई कुन पो होला ।

सबैं मानिसको हृदयमा बुद्धिरूपले रहेकी, स्वर्ग र मुक्ति हे देवी नारायणी ! तिमीलाई नमस्कार छ । कला, काष्ठा आदि रूपले परिणाम प्रदान गर्दै, विश्वकै उपसंहार गर्ने शक्तिस्वरूपा हे नारायणी ! तिमीलाई नमस्कार छ । सबैको मङ्गल गर्ने मङ्गलस्वरूपिणी, कल्याणमयी, सबै पुरुषार्थ सिद्ध गर्ने. शरणागतलाई रक्षा गर्ने, तीन आँखा भएकी, गौरीस्वरूपा हे नारायणी ! तिमीलाई नमस्कार छ । सृष्टी, स्थिति र संहारको शक्तिस्वरूप, सनातन, गुणका आश्रय र सर्वगुणसम्पन्न हे नारायणी ! तिमीलाई नमस्कार छ । शरणमा आएको दुःखीलाई रक्षा गर्नमा लागेकी, सबैको दु.खहरण गर्ने हे देवी नारायणी ! तिमीलाई नमस्कार छ । हाँस भएको विमानमा बस्ने ब्रह्मायणीको रूप धारण गर्ने, कुशले जल छर्कने हे देवी नारायणी ! तिमीलाई नमस्कार छ । त्रिशूल, चन्द्रमा र सर्प धारण गर्ने, उत्तम साँढे चढ्ने माहेश्वरीरूप हे देवी नारायणी ! तिमीलाई नमस्कार छ । मुजुर र कुखुराहरूले घेरिएकी, महाशक्ति धारण गर्ने, कौमारीको रूप धारण गर्ने हे पापरहित नारायणी ! तिमीलाई नमस्कार छ । शङ्ख चक्र गदा शाङर्ग आदि उत्तम आयुध धारण गर्ने वैष्णवीरूप हे नारायणी ! प्रसन्न होऊ । तिमीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्कार छ। डरलाग्दो उत्तम चक्र धारण गर्ने, दाह्राले पृथ्वीको उद्धार गर्ने, कल्याण गर्ने, वाराहीरूप हे नारायणी! तिमीलाई नमस्कार छ। भयानक मानिस र सिंहको मिश्रित रूपले दैत्यहरूलाई मार्न उद्योग गर्ने, त्रैलोक्यको रक्षा गर्ने हे नारायणी (नारसिंही)! तिमीलाई नमस्कार छ। मुकुट धारण गर्ने, ठूलो वज्र धारण गर्ने, हजार नेत्रले उज्ज्वल देखिने, वृत्रासुरको प्राण हर्ने हे ऐन्द्री (इन्द्राणी)! हे नारायणी! तिमीलाई नमस्कार छ। शिवदूतीको रूपले दैत्यहरूको ठूलो सेनाको संहार गर्ने, डरलाग्दो रूप भएकी भयानक गर्जन गर्ने हे नारायणी! तिमीलाई नमस्कार छ। दाह्राले गर्दा अनुहार भयङ्कर देखिने, मुण्डमालाको गहनाले सिँगारिएको, मुण्डलाई मार्ने हे चामुण्डे! हे नारायणी! तिमीलाई नमस्कार छ। लक्ष्मी, लज्जा, महाविद्या, श्रद्धा, पुष्टि, स्वधा, ध्रुवा, महारात्री र महामायाको रूप धारण गर्ने हे नारायणी! तिमीलाई नमस्कार छ। मेधा, सरस्वती, वरा, भूति, बाभ्रवी (गोरी अर्थात् गौरी), तामसी (महाकाली), नियता (संयममा बसेकी) तिमी प्रसन्न होऊ। हे ईश्वरी नारायणी! तिमीलाई नमस्कार छ। सर्वस्वरूप, सबैको ईश्वरी, सबै शक्तिले युक्त हे देवी दुर्गा! भयदेखि हामीलाई रक्षा गर। तिमीलाई नमस्कार छ। हे कात्यायनी! तीन आँखाले विभूषित तिम्रो यो सौम्य मुख हामीलाई सबै डरबाट रक्षा गरोस्। तिमीलाई नमस्कार छ। हे भद्रकाली! ज्वालाले गर्दा भयानक, अति डरलाग्दो, समस्त असुरहरूको संहार गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो त्रिशूल डरबाट हामीलाई रक्षा गरोस् । तिमीलाई नमस्कार छ । जुन घण्टाले संसारभरि स्वर घन्काई दैत्य-हरूको तेजोबध गर्छ, त्यो हामीलाई आफ्ना छोराहरूलाई जस्तै रक्षा गरोस् । हे चण्डिकादेवी ! असुरहरूको रगत र बोसोले कट्कटिएको, तिम्रो हातमा चम्किरहेको खड्ग कल्याणको लागि होस् । हामी तिमीलाई नमस्कार गर्छौं ।

'तिमी खुशी भएमा सारा रोग नष्ट पार्छौ, रिसाएमा भने मन परेका सारा कामना नष्ट गरिदिन्छौ । तिम्रो आश्रयमा रहेका मानिसहरूलाई कुनै विपत्ति आइपर्दैन । तिम्रो आश्रयमा रहनेहरू आफै आश्रय बन्न पुग्छन् अर्थात् अरूलाई आश्रय दिन समर्थ हुन्छन् । हे देवी ! आफ्नो शरीरलाई धेरै बनाई अनेक रूपले धर्मका शत्रु महादैत्य-हरूको विनाश गर्ने जुन काम तिमीले गर्‍यौ, हे अम्बिके ! त्यो काम अरू कसले गर्न सक्छ । विद्याहरूमा, विवेकलाई प्रकाश दिने शास्त्रहरूमा तथा आदि वचन वेदहरूमा पनि तिमी बाहेक अरू को छ अर्थात् तिम्रै वर्णन मात्र छ ।

'राक्षस, भयानक विषधारी नाग, शत्रु, लुटेराहरूको फौज, डढेलो, अति घोर अन्धकारले युक्त ममतारूपी खाडल भट्किएकाहरूलाई तथा समुद्रको बीचमा वास गरी यो सम्पूर्ण विश्वलाई समेत तिमी नै रक्षा गर्छौं । हे विश्वेश्वरी ! तिमी संसारको रक्षा गर्छौ । विश्वस्वरूपा तिमी विश्वलाई रक्षा गर्छौ । तिमी जगदीश्वरका लागि पनि वन्दनीय छौ । तिमीप्रति भक्तिपूर्वक नम्र हुनेहरू विश्वकै आश्रयस्वरूप हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'हे देवी ! प्रसन्न होऊ। अहिले भर्खरै जसरी असुरहरूको संहार गरी हामीलाई रक्षा गर्‍यौ, त्यसरी नै निरन्तर शत्रुहरूको भयबाट हामीलाई निरन्तर रक्षा गर। सम्पूर्ण जगत्को पाप र प्राकृतिक उत्पात वा पापबाट फैलिने महामारी आदि घातक रोगहरूलाई तुरन्त शाम्य गर। विश्वको दुःख-कष्टको हरण गर्ने हे देवी ! प्रणाम गर्नेहरूमाथि प्रसन्न होऊ। तीनै लोकका बासिन्दाहरूद्वारा स्तुतियोग्य हे देवी ! सबैलाई वर दिने होऊ।'

देवीले भनिन्– 'देवता हो ! मनले जे चिताएका छौ, त्यो वर दिने म भएँ। संसारकै उपकार गर्ने वर माग, म वर दिन्छु।'

'देवताहरूले भने– 'हे सर्वेश्वरी ! तिमी तीनै लोकका सम्पूर्ण बाधाको शमन गर। त्यसरी नै तिमीले हाम्रा शत्रुहरूको पनि संहार गर्नुपर्छ।'

देवीले भनिन्- 'वैवस्वत मन्वन्तरको अट्ठाइसौं युगमा शुम्भ र निशुम्भ नामका दुई अन्य महादैत्यहरू उत्पन्न हुनेछन्। त्यसपछि म गोपराज नन्दको घरमा यशोदाको गर्भबाट जन्मी विन्ध्याचलमा निवास गरेर दुवैलाई मार्नेछु। फेरि पनि अति भयङ्कर रूपले पृथ्वीमा अवतरण गरी वैप्रचित्त दानवहरूलाई मार्नेछु। ती डरलाग्दा वैप्रचित्त महादैत्यहरूलाई खाँदा दाँतहरू दारिमका फूल ऊँ राता हुनेछन्। त्यसपछि स्वर्गमा देवताहरू र मर्त्यलोकमा मानिसहरू मलाई नित्य स्तुति गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्तदन्तिका भन्नेछन् । फेरि सय वर्षसम्म वर्षा हुनेछ र पानीको हाहाकार हुने छ । त्यस वेला मुनिहरूद्वारा स्तुति गरिने छ । तब म अयोनिजरूपमा पृथ्वीमा प्रकट हुनेछु । त्यसपछि म सय आँखाले मुनिहरूतिर दृष्टि दिनेछु । फलस्वरूप तहाँ उप्रान्त मानिसहरू शताक्षी भनी मेरो कीर्तन गर्नेछन् । त्यसपछि देवता हो ! वर्षा नभएसम्म म आफ्नो शरीरबाट उत्पन्न, प्राणरक्षक सागहरूद्वारा समस्त लोकलाई पालन-पोषण गर्नेछु । तब पृथ्वीमा म शाकम्भरी नामले प्रख्यात हुनेछु । त्यहीं म दुर्गम नामको महादैत्यलाई पनि मार्नेछु । तब म दुर्गादेवी नामले प्रसिद्ध हुनेछु । फेरि म हिमालयमा मुनिहरूको रक्षाको लागि जब भयङ्कर रूप धारण गरी राक्षसहरूलाई खानेछु, तब सबै मुनिहरू नम्रमूर्ति भई मेरो स्तुति गर्नेछन् । त्यसवेला मेरो नाम भीमादेवी भनी विख्यात हुनेछ । जब अरुण नामको दैत्य तीनै लोकमा ठूलो उपद्रव मच्चाउने छ, तब म छ खुट्टा भएका अगणित भमराहरुको रूप लिई तीनै लोकको हितको लागि त्यस महासुरलाई मार्नेछु । त्यस वेला मानिसहरू सबैतिरबाट भ्रामरी नाम दिई मेरो स्तुति गर्नेछन् ।

'यसरी जब-जब दानवहरूबाट बाधा खडा हुनेछ, तब तब म अवतीर्ण भई शत्रुहरूको क्षय गर्नेछु ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाऱ्हौं अध्याय

देवीचरित्र-पाठको माहात्म्य

'देवीले भनिन्- 'जो यी स्तोत्रहरूले मलाई नित्य एकाग्रचित्त भएर स्तुति गर्नेछन् । म त्यसका सबै बाधा शमन गर्नेछु, यसमा शङ्का गर्नुपर्दैन । जो मधुकैटभबध, महिषासुरबध र त्यसरी नै शुम्भ-निशुम्भबधको पनि कीर्तन गर्नेछन्, अर्थात् ती अध्यायहरूको पाठ गर्नेछन्, एकाग्र-चित भई अष्टमी, नवमी र चतुर्दशीको दिन भक्तिपूर्वक मेरो उत्तम माहात्म्य पनि सुन्नेछन्, तिनीहरूमाथि पाप तथा पापबाट हुने आपत्तिहरू आइलाग्नेछैनन्, मन परेकाहरूबाट छुट्टिनु तथा दरिद्रता जस्ता कष्ट पनि तिनीहरूले भोग्नुपर्नेछैन । त्यसलाई शत्रु, लुटेरा र राजाको भय पनि हुनेछैन, साथै हात-हतियार, आगो र पानीको डर पनि हुनेछैन । त्यसकारण नित्य एकाग्रचित्त भएर भक्तिपूर्वक मेरो यस परमकल्याणकारी माहात्म्यको पाठ र श्रवण गर्नुपर्छ । महामारीबाट उत्पन्न हुने सबै उपद्रव तथा आध्यात्मिक, आधिदैविक र आधिभौतिक उत्पातलाई पनि मेरो माहात्म्यले शमन गर्नेछ । मेरो जुन मन्दिर अथवा पूजास्थलमा नित्य यस माहात्म्यको पाठ हुन्छ, त्यो ठाउँ म कहिल्यै छाड्दिनँ । मेरो सान्निध्य त्यहाँ सधैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहिरहनेछ । बलिदान, पूजा, होम र महोत्सवमा मेरा यी सबै माहात्म्यको पाठ तथा श्रवण गर्नुपर्छ । जानेर होस् वा नजानेर, यसो गरी गरिने बलि, पूजा तथा होमको प्रतीक्षा म प्रीतिपूर्वक गर्छु । शरत् ऋतुमा जुन वार्षिक महापूजा गरिन्छ त्यसमा मेरो यो माहात्म्य, भक्तिपूर्वक सुन्नाले मनुष्य मेरो निगाहले सबै बाधाबाट मुक्त भई धनधान्यसम्पन्न हुन्छ, यसमा कुनै शङ्का गर्नुपर्दैन । मेरो यो माहात्म्य, कल्याणकारी उत्पत्तिहरूका प्रसङ्ग र युद्ध-हरूमा मैले गरेको पराक्रमका कुरा श्रवण गर्नाले मनुष्य निर्भय हुन्छ । मेरो माहात्म्य सुन्ने पुरुषहरूका शत्रुहरू नाश भई कल्याण हुन्छ, कुल आनन्दभागी हुन्छ । शान्तिकर्ममा जहाँसुकै, खराब सपना देख्दा, चर्का ग्रहपीडाहरूमा मेरो माहात्म्य सुन्नुपर्छ । फलस्वरूप उपद्रवहरू शान्त हुन्छन्, चर्का ग्रहपीडाहरू पनि नष्ट हुन्छन्, अनि मानिसहरूले देखेको खराब सपनाहरू असल सपनामा परिणत हुन्छन् । यो माहात्म्य बालग्रहले पीडित बालकहरूको लागि शान्ति-कारक छ, समुदायमा फूट भएमा पनि मानिसहरूमा राम्रो मैत्री गराउँछ । सबै दुराचारीहरूको बल पनि यसले पूर्णरूपले नष्ट गर्छ । यसको पाठमात्रले नै राक्षस, भूत र पिशाचहरू नष्ट हुन्छन् । मेरो यो सम्पूर्ण माहात्म्य मेरो सान्निध्य प्राप्त गराउँछ अर्थात् यसको पाठ र श्रवण गर्ने सधैं मेरो नजीक बस्न पाउँछ । एक वर्षसम्म पशु, फूल, अर्घ्य, धूप, दीप, गन्ध आदि उत्तम वस्तु, चढाउनाले ब्राह्मण-भोजन, होम, अहोरात्र अभिषेक आदि गर्नाले, अरू विविध भोगहरू चढाउनाले तथा दान प्रदान गर्नाले मलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति प्रसन्नमा हुन्छ, त्यति प्रसन्नता यो सुचरितको श्रवण एकैपल्ट मात्र गर्नाले नैं हुन्छ। यसको श्रवणले पापहरूको हरण गर्छ, अनि आरोग्य-प्रदान गर्छ। मेरा उत्पत्तिहरूको कीर्तन भूतहरूबाट रक्षा गर्छ। मेरो लडाइं-सम्बन्धी चरित्र दुष्ट दैत्यहरूको संहार गर्छ। त्यो सुन्नाले पुरुषहरूलाई वैरीहरूबाट हुने भय हुनेछैन। ब्रह्माद्वारा गरिएका सर्व स्तुतिहरू सद्बुद्धि दिन्छन्। जङ्गल र सुनसान लामो बाटोमा, दढेंलोले घेरिंदा, सुनसानमा लुटेराहरूले घेरिँदा, शत्रुहरूको फन्दामा पर्दा, वनमा सिंह बाघ र जङ्गली हात्तीहरूले लखेट्दा, रिसाएका राजाको हुकुमले मार्न वा जेलमा थुन्न लगिँदा, जहाजमा बस्दा महासागरमा तूफानले जहाज डगमगाउन थालेको वेला, अत्यन्त भयानक लडाइँमा शस्त्रास्त्रहरूको प्रहार गरिँदा सबै किसिमका घोर बाधा आइपर्दा वा वेदनाले अत्यन्त पीडित हुँदा समेत मेरो त्यो चरित्र सम्झनाले मानिस सङ्कटबाट मुक्त हुन्छ। मेरो चरित्र सम्झनाले मेरो प्रभावले सिंह आदि जन्तु, लुटेरा एवं शत्रुहरू टाढैबाट भाग्छन्।

'ऋषिले भने— 'ती प्रचण्डपराक्रमवती भगवती चण्डिकादेवी यति भनी देवताहरूले देख्दा-देख्दै त्यहीं अलप भइन्। ती देवताहरू पनि शत्रु मारिएका हुँदा निडर भई पहिले जस्तै यज्ञभागको उपभोग गर्दै आ-आफ्नो अधिकारको उपभोग गर्न लागे। देवीद्वारा संसारको विध्वंस गर्ने, महाभयानक अतुलपराक्रमी देवशत्रु र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाबली निशुम्भ लडाइँमा मारिएपछि बाँकी दैत्यहरू पनि पातालतिर लागे । हे राजन् ! यसरी ती देवी भगवती आफू नित्यरूपमा भएर पनि पुनःपुनः प्रकट भई संसारको परिपालन गर्छिन् । तिनी नै यस विश्वलाई मोहित पार्छिन् र तिनी नै विश्वको सृष्टि गर्छिन् । तिनी प्रार्थना गरिँदा सन्तुष्ट भएर विज्ञान र समृद्धि प्रदान गर्छिन् । हे राजन् ! महाप्रलयको समयमा महामारीस्वरूपले ती महाकालीले सम्पूर्ण ब्रह्माण्ड व्याप्त हुन्छ । तिनी नै वेला–मौकामा महामारी हुन्छिन् र अजन्मा भएर पनि सृष्टिको रूपमा व्यक्त हुन्छिन् । तिनै सनातनी देवी समयमा प्राणीहरूको पालन गर्छिन् । मानिसहरूको उन्नतिकालमा तिनी नै घरमा लक्ष्मीरूपले बढिबढाउ दिन्छिन् । तिनी नै अभावको समयमा त्यसरी नै अलक्ष्मी (दरिद्रता) बनेर पूजा विनाशको कारण बन्न पुग्छिन् । फूल, धूप, गन्ध आदिले गरिएकी तथा स्तुति गरिएकी देवी धन, पुत्र, धार्मिक बुद्धि तथा उत्तम गति प्रदान गर्छिन् ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेह्रौं अध्याय

सुरथ राजा र समाधि वैश्यलाई देवीको वरदान

'ऋषिले भने– 'हे राजन् ! देवीको यो उत्तम माहात्म्यको वर्णन गरियो । यस जगत्को धारण गर्ने यी देवीको यस्तो प्रभाव छ । ज्ञानको उत्पत्ति पनि यिनै देवीले गरेकी हुन् । भगवान् विष्णुकी मायास्वरूपा तीं देवीद्वारा नै तिमी, यो वैश्य तथा अरू विवेकीहरू पनि मोहित छन्, मोहित भए र मोहित हुनेछन् । हे महाराज ! उनै परमेश्वरीको शरणमा जाऊ । आराधना गरिएमा उनै देवी मानिसहरूलाई भोग, स्वर्ग र मोक्ष प्रदान गर्छिन् ।'

मार्कण्डेयले भने– 'हे महामुनि ! उनका यी वचन सुनी ती राजा र समाधि वैश्य उत्तम नियम पालन गर्ने तो महाभाग ऋषिलाई ढोगी अतिममता र राज्यापहरणले गर्दा दिक्क भएर तत्काल तपस्या गर्न हिँडे ।

'त्यो वैश्य नदीका बगरमा बसी देवीसूक्त जप्दै अम्बिकाको दर्शन गर्न तपस्या गर्न थाल्यो । ती दुवै बगरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवीको माटाको मूर्ति बनाई फूल, गन्ध, होम र तर्पणद्वारा तिनको पूजा गर्न लागे ।

'तिनीहरू नियत आहार गर्दा-गर्दै पछि बिलकुल निराहार भई एकाग्रचित्तले देवीमा मन लगाई आफ्नो शरीरको रगतले सिँचेर बलि चढाउन थाले। यसरी नै तीन वर्षसम्म संयत मनले आराधना गर्दा संसार धारण गर्ने चण्डिकादेवी प्रसन्न भइन् र प्रकट भएर देवीले भनिन्– 'हे राजन् ! आफ्नो कुललाई आनन्दित तुल्याउने हे वैश्य ! तिमीहरू दुवै जे चाहन्छौ माग । म सन्तुष्ट छु, मबाट त्यो प्राप्त गर, म त्यो दिन्छु ।'

मार्कण्डेयले भने- 'तब राजाले अर्को जन्मको लागि नाश नहुने राज्य वरस्वरूप मागे । यस जन्मको लागि पनि शत्रुसैन्यलाई पराक्रमपूर्वक मारी आफ्नो राज्य फर्काउन सकूँ भन्ने वर मागे । विरक्त मन भएका बुद्धिमान् वैश्यले भने– 'मेरो, म भनी आसक्ति गराउने ममता नष्ट गर्ने ज्ञान वरदान मागे ,

'देवीले भनिन् - 'हे राजन् ! थोरै दिनमा नै तिमी शत्रु-हरूलाई मारी आफ्नो राज्य हात लगाउनेछौ । त्यहाँ तिम्रो राज्य कहिल्यै गुम्नेछैन । मरेर पनि सूर्यदेव (विवस्वान्)-बाट फेरि जन्मी पृथ्वीमा तिमी सावर्णिक (सावर्णि) नामका मनु हुनेछौ। हे वैश्यश्रेष्ठ ! तिमीले मबाट जुन वरको चाहना गऱ्यो त्यो म दिन्छु । तिमीलाई मोक्ष-कारक ज्ञान प्राप्त हुनेछ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेयले भने– 'तीं दुवैलाई इच्छामाफिकको वर दिई तिनीहरूले भक्तिपूर्वक स्तुति गरिरहेकै वेला देवी उनिखेरै अलप भइन् ।

'यसरी देवीबाट वर पाएर क्षत्रियश्रेष्ठ सुरथ सूर्यबाट जन्म पाई सावर्णि नामका मनु हुनेछन् ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवीको माटाको मूर्ति बनाई फूल, गन्ध, होम र तर्पणद्वारा तिनको पूजा गर्न लागे ।

'तिनीहरू नियत आहार गर्दा–गर्दै पछि बिलकुल निराहार भई एकाग्रचित्तले देवीमा मन लगाई आफ्नो शरीरको रगतले सिँचेर बलि चढाउन थाले । यसरी नै तीन वर्षसम्म संयत मनले आराधना गर्दा संसार धारण गर्ने चण्डिकादेवी प्रसन्न भइन् र प्रकट भएर देवीले भनिन्– 'हे राजन् ! आफ्नो कुललाई आनन्दित तुल्याउने हे वैश्य ! तिमीहरू दुवै जे चाहन्छौ माग । म सन्तुष्ट छु, मबाट त्यो प्राप्त गर, म त्यो दिन्छु ।'

मार्कण्डेयले भने- 'तब राजाले अर्को जन्मको लागि नाश नहुने राज्य वरस्वरूप मागे । यस जन्मको लागि पनि शत्रुसैन्यलाई पराक्रमपूर्वक मारी आफ्नो राज्य फर्काउन सकूँ भन्ने वर मागे । विरक्त मन भएका बुद्धिमान् वैश्यले भने– 'मेरो, म भनी आसक्ति गराउने ममता नष्ट गर्ने ज्ञान वरदान मागे ,

'देवीले भनिन्- 'हे राजन् ! थोरै दिनमा नै तिमी शत्रुहरूलाई मारी आफ्नो राज्य हात लगाउनेछौ । त्यहाँ तिम्रो राज्य कहिल्यै गुम्नेछैन । मरेर पनि सूर्यदेव (विवस्वान्)-बाट फेरि जन्मी पृथ्वीमा तिमी सावर्णिक (सावर्णि) नामका मनु हुनेछौ । हे वैश्यश्रेष्ठ ! तिमीले मबाट जुन वरको चाहना गर्‍यो त्यो म दिन्छु । तिमीलाई मोक्ष-कारक ज्ञान प्राप्त हुनेछ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेयले भने- 'ती दुवैलाई इच्छामाफिकको वर दिई तिनीहरूले भक्तिपूर्वक स्तुति गरिरहेकै वेला देवी उत्निखेरै अलप भइन् ।

'यसरी देवीबाट वर पाएर क्षत्रियश्रेष्ठ सुरथ सूर्यबाट जन्म पाई सावर्णि नामका मनु हुनेछेन् ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवग्रहस्तोत्र

सूर्य– जपाकुसुमसंकाशं काश्यपेयं महाद्युतिम् ।
तमोरिं सर्वपापघ्नं प्रणतोऽस्मि दिवाकरम् ।।१।।

चन्द्र– दधिशङ्खतुषाराभं क्षीरोदार्णवसम्भवम् ।
नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम् ।।२।।

भौम– धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ।।३।।

बुध– प्रियंगुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम् ।
सौम्यं सौम्यगुणोपेतं तं बुधं प्रणमाम्यहम् ।।४।।

गुरु– देवानां च ऋषीणां च गुरुं काञ्चनसन्निभम् ।
बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ।।५।।

शुक्र– हिमकुन्दमृणालाभं दैत्यानां परमं गुरुम् ।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ।।६।।

शनि– नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम् ।
छायामार्तण्डसम्भूत तं नमामि शनैश्चरम् ।।७।।

राहु– अर्धकायं महावीर्यं चन्द्रादित्यविमर्दनम् ।
सिंहिकागर्भसम्भूतं तं राहुं प्रणमाम्यहम् ।।८।।

केतु– पलाशपुष्पसङ्काश तारकाग्रहमस्तकम् ।
रौद्रं रौद्रात्मकं घोर तं केतुं प्रणमाम्यहम् ।।९।।

फलस्तुति

इति व्यासमुखोद्गीतं यःपठेत् सुसमाहितः ।
दिवा वा यदि वा रात्रौ विघ्नशान्तिर्भविष्यति ।।१०।।
नरनारीनृपाणां च भवेद् दुःस्वप्ननाशनम् ।
ऐश्वर्यमतुलं तेषामारोग्यं पुष्टिवर्धनम् ।।११।।
ग्रहनक्षत्रजाः पीडास्तस्कराग्निसमुद्भवाः ।
ताः सर्वाः प्रशमं यान्ति व्यासो बूते न संशय. ।।१२।।
इति श्रीवेदव्यासविरचित नवग्रहस्तोत्रं सम्पूर्णम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	छापिएको	हुनुपर्ने	पृष्ठ	पङ्क्ति	छापिएको	हुनुपर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	छापिएको	हुनुपर्ने
क	२२	आदिशक्त	आदिशक्ति
ख	२०	संक्षित्त	सक्षिप्त
च	५	परोकारमा	परोपकारमा
,,	१३	चौंयो	चौथो
,,	१९-२०	उपलध्धि	उपलब्धि
छ	१	शुम्भ र निशुम्भ....	महिषासुर
,,	४	प्राप्तिको लागि	प्राप्त गरी
,,	५	उपासना	स्तुति
,,	९-१०	पुगिसकेको	पुगेको
१	११	अनुष्तुप्	अनुष्टुप्
२	८	सर्वस्यर्ति...	सर्वस्यार्ति
,,	१२	कामान	कामान्
,,	१४	त्वामाश्रितानां	त्वामाश्रिता
५	१३	नीलग्रींवले	नीलग्रीवाले
,,	१७	काखाको	कोखाको
६	१८	यात्राको	यात्रामा
,,	२०	...पर्जित	वर्जित
,,	२१	गर	गरून्
७	१	चन्तन	चिन्तन
८	१९	?	!
१३	५	...श्चण्डिकायै	श्चण्डिकायै
१४	२४	स्त्रीहरूले	स्त्रीहरूको
१७	१	त्रित्त	चित्तसमेत बलले
१८	१५	गुणारूपा	गुणरूपा
,,	२२	तिगी	तिमी
१९	१४	उठ्नुभयो	उठे
२३	७	ससुद्र...	समुद्र
२६	१	दैत्यहरू	दैत्यहरूले
,,	८	दैत्यहरूले	दैत्यहरू
३२	२४	तेढा	टेढा
३४	२	तपाईको	तिम्रो
३६	५	प्रषण	प्रेषण
४६	८	ग्ररून्	गरून्
४८	१३	मासुने	मासुले
४९	१८	मर्दन	मर्दन गर्न
५०	२२	अत्यन्न	अत्यन्त
५४	२०	चण्किडा..	चण्डिका
५७	४	उनी...	उस
६०	३	गरिएका	गरिएकी
,,	६	मुक्ति	मुक्ति दिने
,,	१२	सृष्टी	सृष्टि
,,	१७	ब्रह्मायणी	ब्रह्माणी
६२	१९	खाडल	खाडलमा
६६	१७	भएया	भएमा
,,	२३	चढानाले	चढाउनाले
६७	६	वरी...	वैरी
६८	१३	बनेर पूजा	बनेर
,,	१४	आदिले	आदिले पूजा
७०	११	राजाजे	राजाले
,,	१५	भने–	भने
,,	,,	म	म'
७२	२	नहा...	महा
,,	३	दिवाकरमु	दिवाकरम्
,,	५	.. भूर्षेणम्	भूषणम्
,,	७	प्रणमाम्यहेम्	प्रणमाम्यहम्
,,	८	...प्रतिम	प्रतिमं
,,	९	दुधं	बुधं
,,	१२	गुरुम	गुरुम्
,,	१५	शनैश्वरम्	शनैश्चरम्
,,	१८	...सङ्काश	सङ्काशं
,,	१९	घोर त केतु	घोरं तं केतुं
,,	२१	यःपठेत्	यः पठेत्
,,	३६	बूते	ब्रूते

द्रष्टव्य

ब्रम्ह, ब्रम्हा, ब्रम्हाणी आदि सबै ब्रह्म, ब्रह्मा, ब्रह्माणी आदि हुनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Dig... ...unding. MDT...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक पाइने ठाउँ

१) रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

२) लालुपाते पुस्तक पत्रिका सेन्टर, मैतीदेवी, काठमाडौं ।

३) विद्या पुस्तक भण्डार, महापाल, ललितपुर ।

४) घुम्ती रुद्रीटोली, अग्निशाला, थबु, ललितपुर ।

५) उमा महेश्वरको मन्दिर, चक्रवहिल, ललितपुर ।

६) खोर्सि पुस्तक भण्डार, मङ्गलबजार, ललितपुर ।

७) श्याम बुक स्टल, आदर्शनगर, वीरगंज ।

८) राजीव प्रेस, मलङ्गवा, सर्लाही ।

९) वैद्य बुक डिपो, जलेश्वर, महोत्तरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu